सौर्य दैनिक
SOURYA NATIONAL DAILY

मेगा बैंक नेपाल लिमिटेड
MEGA BANK NEPAL LIMITED
७%*
वार्षिक ब्याजदर
विश्वास जित्दै... अघि बढ्दै...
मेगा मुद्दती खाता
The Banker
Bank of the Year 2019
NEPAL
MEGA



# 'बेकामे' बन्दै प्रतिनिधिसभा

■ सौर्य समाचार

काठमाडौं । जनताको सर्वोच्च निकाय प्रतिनिधिसभा पुन:स्थापनापछि बेकामे जस्तै बनेको छ । फागुन २३ गते पहिलो बैठक बसेदेखी अहिलेसम्म भएका तीन वटा बैठक केवल कर्मकाण्डी जस्तैमात्र बनेका छन् । तीन वटा बैठक हुँदा पनि सरकारले अध्यादेश पेश गर्न सकेको छैन भने संसदले कुनै कार्य नै गर्न सकेको छैन ।

पहिलो बैठकमै अध्यादेश पेश गर्नुपर्ने संवैधानिक व्यवस्था भएपनि सभामुखले छलफल नै नगरी बैठक सञ्चालन गर्दा विवाद खडा भएको छ । पहिलो बैठकमै अध्यादेश पेश गर्ने कार्यसूचि रहेपनि सत्तारुढ दलको एक पक्षको बहिष्कार र प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको रोष्टम घेराउले गर्दा एउटामात्र अध्यादेश पेश भयो । बाँकी सात वटा अध्यादेश पेश हुन सकेका छैनन् ।

> तीन वटा बैठक हुँदा पनि सरकारले अध्यादेश पेश गर्न सकेको छैन भने संसदले कुनै कार्य नै गर्न सकेको छैन । पहिलो बैठकमै अध्यादेश पेश गर्नुपर्ने संवैधानिक व्यवस्था भएपनि सभामुखले छलफल नै नगरी बैठक सञ्चालन गर्दा विवाद खडा भएको छ

दुई वटा बैठक आफुखुशी सञ्चालन गर्दा सहमति नभएपछि सभामुख अग्नी सापकोटाले तेस्रो बैठक अघि कार्यव्यवस्था परामर्श समितिको बैठक बोलाएका थिए । सरकारले पहिलो बैठकमै पेश गर्नुपर्ने अध्यादेश किन गर्न दिइएन भन्दै कुरा निकालेपछि अप्ठेरोमा परेको छ । सामान्यतय बैठक शुरु हुँदा शिर्ष नेताले दलका तर्फबाट बोल्ने कार्यक्रम हुने गरेपनि यसपटक त्यो समेत हुन सकेको छैन । मंगलबारको बैठकमा दलका नेताले बोल्ने कार्यक्रम राख्न खोजेपनि सरकारले यसलाई तत्काल नराख्न आग्रह गरेको थियो ।

पहिलो बैठक अवरोधबीच सकियो भने केवल दोस्रो बैठकले मात्रै वर्तमान एक सांसद र पूर्वसांसदलाई श्रद्धान्जली दिन सक्यो । सरकारले विपक्षीले अवरोध गरेकाले संसदको कामकारवाही प्रभावित बनेको आरोप लगाईरहेको छ



भने विपक्षी दलले सरकारले विजनेस दिन आनकानी गरेको आरोपमा उत्रिएका छन् । प्रतिनिधिसभामा अहिले प्रधानमन्त्री केपी शर्मा ओली कानूनी रूपमा बहुमतमा भएपनि अध्यादेश वा विधेयकहरु पास हुने अवस्था पुग्न नसक्ने आशंका गरिएको छ ।

प्रतिनिधिसभाका विधेयक शाखाका प्रमुख नारायण ढकालका अनुसार अहिले प्रतिनिधिसभामा ३६ वटा विधेयक विचाराधीन अवस्थामा छन् । प्रतिनिधिसभाका समितिमा अहिले १० वटा विधेयक छलफलमा छन् । तर सरकारले विधेयकहरू अगाडि बढाउन नचाहेको विपक्षीहरुको आरोप छ । सभामुख अग्नि सापकोटा र प्रधानमन्त्री ओलीको द्वन्द्वले संसद बैठक शोक प्रस्ताव पारित गरेरमात्रै टुंगिन थालेको छ । फागुन २३ गते बैठक बसेयता प्रतिनिधिसभाबाट कुनै पनि काम भएका छैनन् ।

सरकारले भने संसद अगाडि नबढ्नुको दोष सभामुख सापकोटालाई लगाएको छ । प्रधानमन्त्री ओलीले बालुवाटारमा आफ्ना पार्टीका सांसदहरूसँगको चियापानमा सभामुखलाई 'सेटिङ'मा चलेको आरोप लगाएका छन् । प्रतिनिधिसभाको फागुन २३ गतेको बैठकमा सरकारले ल्याएका ८ मध्ये ७ अध्यादेश पेश हुन पाएका थिएनन् ।

संसद् नभएको बेलामा सरकारले केही अध्यादेशहरू ल्याएको छ । तर, संवैधानिक परिषद्सम्बन्धी अध्यादेश निकै विवादित बन्यो । प्रमुख प्रतिपक्षी दल कांग्रेस र अर्को प्रतिपक्षी दल जसपाले अध्यादेश ल्याउँदा नै विरोध गरेका थिए । पुन:स्थापनापछि पहिलोपटक बसेको प्रतिनिधिसभाको बैठकमा सो अध्यादेश पनि कार्यसूचीमा परेपछि उनीहरूले बेल घेराउ नै गरेका थिए । उनीहरूको माग सरकारले अध्यादेश फिर्ता लिनुपर्नेछ ।

तर, सरकार त्यसमा तयार देखिएको छैन । परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली संसद् नभएका बेला सरकारले अध्यादेश ल्याउनसक्ने संवैधानिक व्यवस्था भएको भन्दै सो अध्यादेश फिर्ता नलिने बताउँछन् । 'अध्यादेश स्वीकार गर्ने, नगर्ने सार्वभौम संसद्को कुरा हो । तर, संविधानले प्रस्ट रुपमा उल्लेख गरेको पहिलो दिनको बैठकमा अध्यादेश प्रस्तुत गर्नुपर्ने विषयलाई समेत अवज्ञा गर्ने काम भयो', मन्त्री ज्ञवालीले भने । शोक प्रस्ताव पारित गर्नमै प्रतिनिधिसभाको तीनवटा बैठक बस्नुमा सरकारको भूमिका नभएको उनको प्रस्टोक्ति थियो ।

संसद नियमित लैजाने हो भने सरकार बिजनेस दिन तयार भएको पनि उनले बताए । 'तर, दिएको बिजनेसहरूको अवज्ञा हुन्छ भने अरु बिजनेस दिएर पनि त्यो स्मुथली अगाडि जान्छ भन्नेमा हामी कसरी ढुक्क हुनसक्छौं ?' उनको प्रश्न छ । तर, प्रतिपक्षी दल सो अध्यादेश संसद्मा अगाडि बढ्न दिने पक्षमा देखिएका छैनन् । जसले गर्दा संसद बैठक अझै कति दिन कामविहिन जस्तै बन्ने हो भन्ने एकिन छैन । विवाद समाधान गर्न सभामुखले समेत कुनै पहल गरेका छैनन् । प्रतिनिधिसभाको अर्को बैठक चैत्र ६ गते शुक्रबार फेरी बोलाइएको छ ।



**राष्ट्रपतिको आव्हानमा सर्वदलिय बैठक :** राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकको राजनीतिक सौन्दर्य आपसी संवाद, सहकार्य र एकता रहिआएको परिवेशमा संविधानको प्रभावकारी कार्यान्वयन र लोकतन्त्रको सुदृढीकरणका लागि राजनीतिक दलहरूबीचको सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिएकी छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले संसदले काम गर्न नसके फेरी पनि ताजा जनादेशमा जानुको विकल्प नरहेको बताए । मुख्य दलका शिर्ष नेता मौन बसेपनि अन्य नेताले संसदबाटै विकल्प खोज्न सुझाव दिएका छन् ।

*तस्विर : राष्ट्रपति कार्यालय*

# पेट्रोलियम पदार्थको मूल्य वृद्धि

■ सौर्य समाचार



काठमाडौं । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । निगमका प्रवक्ता विनितमणि उपाध्यायका अनुसार मंगलबार मध्यरातदेखि लागू हुने गरी पेट्रोल, डिजेल तथा मट्टीतेलमा प्रतिलिटर दुई रुपैयाँका दरले मूल्य वृद्धि गरेको हो ।

नयाँ मूल्यअनुसार पेट्रोल प्रतिलिटर रु ११८ पुगेको छ भने डिजेल, मट्टीतेल प्रतिलिटर रु १०१ पुगेको छ । यस्तै हवाई इन्धन आन्तरिकको साविक मूल्यमा रु दुईले वृद्धि हुँदा प्रतिलिटर रु ७४ पुगेको छ । खाना पकाउने एलपी ग्यास तथा हवाई इन्धन अन्तर्राष्ट्रियतर्फको खुद्रा बिक्री मूल्य भने हाललाई यथावत नै राखिएको छ ।

मूल्य वृद्धिपछि पनि निगमलाई पेट्रोलमा नौ रुपैयाँ ३५ पैसा, डिजेलमा प्रतिलिटर पाँच रुपैयाँ ८० पैसा तथा खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिण्डर ३९२ रुपैयाँ ८२ पैसा घाटा रहेको छ । त्यसआधारमा अर्धमासिक रुपमा निगमलाई रु एक अर्ब २७ करोड ७० लाख बराबरको घाटा रहेको दाबी गरिएको छ ।

सो घाटा रकम मूल्य स्थितीकरण कोष तथा निगमको सञ्चित नाफाबाट व्यवस्थापन गरिने छ । इण्डियन आयल कर्पोरेशनबाट मंगलबार प्राप्त भएको मूल्यअनुसार नै निगमले मूल्य समायोजन गरेको जनाएको छ । यसअघि पेट्रोल प्रतिलिटर रु ११६, डिजल र मट्टीतेल प्रतिलिटर रु ९९ मा बिक्री हुँदै आएको थियो । निगमले गत फागुन १७ मा मूल्य समायोजन गरेको थियो ।

# शिक्षक अभावमा संयुक्त कक्षा

■ रविन्द्र काफ्ले/रासस

पाँचथर । फिदिम नगरपालिका-११ फलाँटेको पाथीभरा आधारभूत विद्यालयको कच्ची भवनका चारमध्ये दुई कोठामा पठनपाठन हुन्छ । पहिलो कोठाको ढोकामाथि लेखिएको छ 'कक्षा ४ र ५', दोस्रोको ढोकामाथि लेखिएको छ 'कक्षा २ र ३' । सोमबार दोस्रो कोठामा ११ विद्यार्थीलाई पढाउँदै थिए शिक्षक चेतन न्यौपाने । 'हाम्रो कक्षा २ मा 'रोग लाग्न नदिऔं' भन्ने शीर्षक छ होइन् ?', कक्षा २ का विद्यार्थीलाई उनले सोधे । विद्यार्थीले उत्तर दिए, 'हो, सर ।' 'अनि हाम्रो कक्षा ३ मा के छ भन त नानीहरु ?', शिक्षक न्यौपानेले सोधेपछि विद्यार्थीले पढ्दै गरेको पाठको शीर्षक भने 'रोगका कारण र लक्षण ।'

स्वास्थ्य विषयको कक्षा २ र ३ को संयुक्त कक्षा चलाइरहेका शिक्षक न्यौपानेले दुवै कक्षाका विद्यार्थीहरुलाई स्पष्टसँग बुझाउने उद्देश्यसहित रोग लाग्ने कारण, रोगका प्रकार, रोग लाग्न नदिने उपाय र रोगका लक्षणबारे विस्तृतमा व्याख्या गरे । दुईवटा कक्षाका दुईवटा पाठमा धेरै विषयवस्तु फरक भएकाले विस्तृत व्याख्या र लामो समयको कक्षामार्फत विद्यार्थीहरुलाई बुझाउने प्रयत्नमा शिक्षकहरु देखिन्थे । अर्को कोठामा पनि यसरी नै कक्षा ४ र ५ को गणित विषयको पठनपाठन भइरहेको थियो ।



सो विद्यालयमा एक दिन मात्रै होइन सधैं यसरी नै पढाइ हुन्छ । पूर्वप्राथमिक कक्षादेखि कक्षा ५ सम्म पढाइ हुने यस विद्यालयमा ४० विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा दुई शिक्षक दरबन्दीमा प्रधानाध्यापक चित्रकला घिमिरे र शिक्षक न्यौपाने छन् । एक सहयोगी कर्मचारीले पूर्वप्राथमिक कक्षा सञ्चालन गरिरहनुभएको छ भने कार्यालय सहयोगी पदमा विभिन्न स्रोतबाट तलब खुवाई एक शिक्षक राखिएको छ । दैनिक छवटा कक्षा सञ्चालन गर्नुपर्ने भए पनि चारजना मात्रै शिक्षक हुँदा यस विद्यालयमा कक्षा २ र ३ लाई एउटा तथा कक्षा ४ र ५ लाई अर्को संयुक्त कक्षामा परिणत गरी पठनपाठन गराइँदै आएको छ ।

'कक्षा २ मा 'क, ख' र 'ए, बी, सी, डी' सिकेर आएका विद्यार्थी हुन्छन् । उनीहरुलाई पाठ पढाउँदा त्यही किसिमले सिकाउनुपर्ने हुन्छ', शिक्षक न्यौपानेले अनुभव सुनाउँदै भने, 'कक्षा ३ मा थोरै परिपक्व र बुझ्ने भइसकेका हुन्छन् । एउटा कक्षालाई अगाडि लैजाँदा अर्कोलाई अगाडि बढाउन गाह्रो हुन्छ ।' संयुक्त कक्षा सञ्चालन गर्दा विद्यार्थीहरुलाई बुझ्न र शिक्षकलाई बुझाउन निकै कठिन पर्ने गरेको शिक्षक न्यौपानेको अनुभूति छ । दुईवटा कक्षालाई संयुक्त कक्षामा पढाउन सामान्य विषय नभए पनि असम्भव भने नरहेको उनी बताउछन् । 'विषयवस्तु एकअर्को कक्षामा केही त मिल्दाजुल्दा नै हुन्छन् । हामीले पाठहरुलाई सँगसँगै लगेर माथिल्लो कक्षालाई पुन: स्मरण गराउने र तल्लो कक्षालाई बुझाउने प्रयास गर्छौं', न्यौपानेले भने, 'एउटा छुट्टै कक्षालाई शिक्षण सिकाइ गरेजस्तो सहज छैन र यसले विद्यार्थीको सिकाइमा थोरबहुत असर भने पारिरहेकै छ ।'

प्रधानाध्यापक घिमिरे संयुक्त कक्षा सञ्चालन गर्न निकै कठिन रहेको र यसले विद्यार्थीको सिकाइलाई प्रभाव पार्ने गरेको बताउछन् । एउटा कक्षालाई बुझाउन लाग्दा अर्कोले हल्ला गर्ने, पढाइमा ध्यान तानिरहन नसकिने तथा शिक्षकले कक्षा कोठालाई आफ्नो नियन्त्रणमा राख्न नसक्ने अवस्था आउने गरेको उनको भनाइ छ । चारमध्ये एकजना शिक्षक नभएको दिनमा भने पठनपाठन नै प्रभावित हुने गरेको र यस्तो दिन विद्यार्थी रुँग्ने काम मात्रै हुने प्रअ घिमिरेको भनाइ छ । 'पढाइलाई प्रभावकारी बनाउन पाठ्यभार मिलाएर दैनिक तीनवटासम्म विषयहरु पढाउँछौं', प्रअ घिमिरेले भने, 'दुईवटा

बाँकी पृष्ठ २

# जिप दुर्घटनामा ४ जनाको मृत्यु

■ सौर्य समाचार

सिन्धुली । करङडाँडामा मंगलबार दिउँसो जिप दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको छ । ७ जना घाइते भएका छन् । सदरमुकामबाट कमलामाई नगरपालिका-७ बाँसकटेरी गइरहेको बा १७ च १११७ जिप घुम्ती मोड्ने क्रममा दुर्घटना भएको हो ।

बा १७ च १११७ नम्बरको जिप दिउँसो सडकबाट ५० मिटर तल खस्दा ४ जनाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका डीएसपी मनोजकुमार लामाले जानकारी दिए । मृत्यु हुनेहरुमा कमलामाई-७ का ६५ वर्षीय रुद्रबहादुर थापा, १८ वर्षीया रिता यसमाली, १९ वर्षीया दुर्गा श्रेष्ठ र उनको दुई वर्षको छोरा मनिष श्रेष्ठ रहेका छन् ।

घाइते ७ जनामध्ये दुईको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ । घाइतेमध्ये चालक भोजबिक्रम थापा पनि गम्भिर रहेका छन् । उनीहरुको सदरमुकामस्थित अस्पतालमा उपचार भइरहेको र गम्भीर घाइते भएकाहरुलाई काठमाडौं पठाइएको छ । जिप आफैं अनियन्त्रित भएर पल्टिएको प्रारम्भिक अनुसन्धानबाट देखिएको लामाको भनाइ छ । जिपमा ११ जना सवार थिए ।

# हनुमन्ते करिडोर निर्माणको काम शुरु



■ सौर्य समाचार

काठमाडौं । कोटेश्वरको जाम हटाउने, बस्ती डुबान रोक्ने, वातावरणीय र अन्य विभिन्न सुधार गर्ने उद्देश्यका साथ भक्तपुरमा शुरु भएको हनुमन्ते करिडोर निर्माणमा अवरोध पुगेका संरचना हटाउन थालिएको छ । अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत समितिले शुरु गरेको हनुमन्ते करिडोर निर्माणको क्रममा मापदण्ड विपरित रहेका संरचना हटाउन सम्बन्धित निकायलाई पटकपटक सूचना जारी गर्दा पनि अटेर गरेपछि त्यस्ता संरचना हटाएर करिडोर निर्माण कार्य अगाडि बढाएको हो ।

समितिले भक्तपुरको सल्लाघारी पुलदेखि मनोहरा नदी दोभानसम्मको करिब ११ किमिमा करिडोर निर्माण गर्ने कार्य शुरु गरेपछि राधेराधे पुलदेखि नयाँ थिमि बालकोट पुलसम्म २.८ किमि करिडोर निर्माणमा आएका विभिन्न विवादलाई सुल्झाउदै बालकोटसम्मको निर्माण पुरा गरेको छ । यो बीचमा केही भागमा स्थायी तथा अस्थायी संरचना बनाएर हनुमन्ते करिडोर निर्माणमा बाधा पुगेका र करिडोरको मापदण्ड विपरित रहेका संरचना भने धमाधम भत्काएर निर्माण कार्य सम्पन्न गर्न लागेको हो ।

हनुमन्ते करिडोर मापदण्डभित्र संरचना निर्माण गरेका साख मेटल एण्ड ऐलाईड ईन्डष्ट्रिज र नेपाल पेन्ट ईन्डष्ट्रिज प्रालिको उद्योगको पर्खाललगायत भौतिक संरचनामा भत्काउन समितिले विगत दुई वर्षदेखि पटक पटक सूचना जारी गर्दा पनि अटेर गरेको समितिका अध्यक्ष उद्धव तिमिल्सिनाले बताए । ती उद्योगले पटकपटक एक साताको समय माग गर्ने गरेको तर समय दिंदा पनि भौतिक संरचना नहटाई अटेर गर्दा करिडोर निर्माणमा नै बाधा पुग्ने भएपछि यहाँका संरचना डोजर लगाएर भत्काइएको उनले जानकारी दिए । एक साता अघिसम्म पनि सूर्यविनायक नगरपालिकाले सात दिनको समय दिएर अन्तिम पटक उक्त संरचना हटाउन सूचना जारी गरी पत्र पठाउँदा पनि अटेर गरेको बताइएको छ ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका अनुसार करिडोर निर्माणमा क्लष्टर बनाई प्रत्येक क्लष्टरको उपभोक्ता समिति गठन गरेर निर्माण भइरहेको र तीनवटा क्लष्टरमा केही विवाद आएपछि सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापा र मध्यपुरथिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठसहित जिल्ला प्रशासन कार्यालयमा एक महिना अगाडि बसेको बैठक र त्यसपछि जिल्ला प्रशासन कार्यालयमा सांसद एवं पूर्वमन्त्री महेश बस्नेत, प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई, महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक तारादेवी थापा, विवादित क्षेत्रका दुवै नगरपालिकाका वडा अध्यक्ष शिवशरण खत्री, कमलनाथ आचार्य, प्रेम कुटुलगायत सरोकारवालासहितको छलफलले सम्बन्धित वडाको सहमतिमा करिडोर निर्माण कार्य अगाडि बढाउने र उपत्यका विकास प्राधिकरणसहितले करिडोर निर्माण सम्पन्न गर्ने गरी काम अगाडि बढाउने सहमति भएअनुसार नै बाँकी निर्माण कार्य शुरु भएको हो ।

हनुमन्ते करिडोर समय मै सम्पन्न नगर्दा करोडौँको बजेट फिर्ता जाने, आयोजना अधूरो रहने, वर्षामा बस्ती डुबान हुने, सडकको जाम कायमै रहने र विकासमा अवरोध पुग्ने भएपछि आएका समस्या समाधान गर्दै करिडोर निर्माण अगाडि बढाउने निर्णयानुसार नै काम शुरु भएको बताइएको छ । ०७५/७६ देखि राधेराधे पुलदेखि शुरु भएको यो आयोजनाको पहिलो चरणअन्तर्गत ६९ करोड ७० लाखको बजेटमा शुरु भएको करिडोर निर्माण हालसम्म ६८.६७ प्रतिशत भौतिक र ६०.६९ प्रतिशत वित्तीय प्रगति भएको समितिले जनाएको छ भने उक्त ठेक्काका लागि ०७६/७७ मा १४ करोड बजेट विनियोजन भएको थियो ।

यस्तै, दोस्रो चरणमा रु ५६ करोड ६० लाख ठेक्कासहित ०७५ असोजदेखि शुरु गरेको कामको हालसम्मको भौतिक प्रगति २९.६८ र वित्तीय प्रगति २४.२ प्रतिशत रहेको समितिले जनाएको छ । यसका लागि ०७६/७७ मा २० करोड बजेट विनियोजन भएको थियो । तेस्रो चरणमा रहेको ठेक्काको भौतिक प्रगति २५.९१ र वित्तीय प्रगति २०.१२ प्रतिशत भएको छ ।

# वामपन्थी चिन्तक श्रेष्ठको निधन

■ सौर्य समाचार

काठमाडौं । नेपालको वामपन्थी आन्दोलनका चिन्तक, बौद्धिक व्यक्तित्व एवं नेपाल भाषामा जानकार प्रा माणिकलाल श्रेष्ठको मंगलबार निधन भएको छ । लामो समयदेखि मिर्गौला र मुटुरोगबाट पीडित श्रेष्ठको मंगलबार ८९ वर्षको उमेरमा उपचारको क्रममा नै शहीद गङ्गालाल हृदयरोग केन्द्रमा निधन भएको हो ।

वामपन्थी आन्दोलनबारे मिहिनरुपमा अध्ययन गर्नुभएका श्रेष्ठ मार्क्सवादको राम्रो जानकार थिए । आफ्नो विषयका अलावा तीक्ष्ण स्मरणशक्तिका धनी श्रेष्ठ नेपाललगायत विश्व इतिहासको तिथिमितिसमेत यकिनका साथ बताउन सक्ने क्षमता राख्थे । २०१४ सालमा साविकको काठमाडौं नगरपालिका-९ (हाल वडा नं १७) ठहिटीका वडाध्यक्षमा निर्वाचित भएका श्रेष्ठले मातृभाषाको संरक्षण र सम्वर्द्धनमा विशेष भूमिका खेलेका थिए । उनकै पहलमा काठमाडौं महानगरभित्रका स्थानीय तहमा मातृभाषा शिक्षा लागू गराएका थिए । वामपन्थी आन्दोलनका लागेका कारण पटकपटक जेल जीवन एवं हिरासतमा समेत परेका श्रेष्ठ निर्भिक बौद्धिक व्यक्तिको रुपमा चिनिने उनका सहकर्मी बताउँछन् । त्रिचन्द्र क्याम्पसमा प्राध्यापनरत छँदा कम्युनिष्ट भएकै कारण गिरफ्तारीमा परेर थुनिएसँगै उनलाई सेवाबाट बर्खास्त गरिएको थियो । त्रिभुवन विश्वविद्यालयमा नेपालभाषा केन्द्रीय विभागमा पाश्चात्य समालोचना विषयमा प्राध्यापन गरेका श्रेष्ठ विज्ञान, कानून, इतिहास तथा मातृभाषाको अभियन्ताका रुपमा चिनिन्थे । सयौं विचरोत्तेजक लेख तथा आलेखका लेखक श्रेष्ठको 'पाश्चात्य समालोचना सिद्धान्त' नामक पुस्तक प्रकाशित छ । माणिकलालको पत्नी सुशीला सिंह 'शिलु' सर्वोच्च अदालतको पहिलो महिला न्यायाधीशसमेत थिए ।


## Qatar मा बैदेशिक रोजगारको अवसर

**QATAR FACTORY FOR FIRE FIGHTING EQUIPMENT AND SAFETY SYSTEM (NAAFFCO), QATAR**

पुनः विज्ञापन स्वीकृति मिति : 2021/01/18 Lt No.: 235768 चलानी नं.: 60154200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्युनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technicial | 9 | स. का. छ | 1100 | ३५,७५० | कम्पनीको नियमअनुसार | ८ घण्टा | ६ दिन | क. नियमअनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 10 | | 2500 | ८१,२५० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अन्तरवार्ता Sky Star Recruitment Pvt. Ltd. को कार्यालयमा मिति 24th March 2021 मा हुनेछ ।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**

श्रम इजाजत नं. ९०१८/०७३/०७४

P.O. Box: 19422 Sukedhara- 4, Kathmandu-Nepal,
Tel: +977-1-5902344 / 5902345/5902346, Email: skystar1078@gmail.com
raza786md@yahoo.com, Web site: www.skystarrecruitment.com



## Qatar मा बैदेशिक रोजगारको अवसर

**MEDGULE CONSTRUCTION COMPANY, DOHA**

पूर्व स्वीकृति मिति : 2020/03/02 Lt No.: 233973 चलानी नं.: 60152851

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्युनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 200 | | स. का. छ | 900 | २८,८९० | कम्पनीको नियमअनुसार | ८ घण्टा | ६ दिन | क. नियमअनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अन्तरवार्ता Saan Nepal Pvt. Ltd. को कार्यालयमा मिति 24 March 2021 मा हुनेछ ।

**SAAN NEPAL PVT. LTD.**
(A manpower consultant)
Battisputali, Kathmandu, Nepal, P.O.Bo. 4069
Tel No.: 977-1-4484977, Fax : 977-1-4485077
Email : managersaan@gmail.com, www.saannepal.com.np


## शिक्षक...

कक्षालाई एकै बनाएर विस्तृतमा बुझाउने प्रयास गर्छौं ।'

शिक्षक अभावले संयुक्त कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता पाथीभरा माविको मात्रै होइन । कक्षा छसम्म पठनपाठन भइरहेको फिदिम-४ को जागृति आधारभूत विद्यालयमा समेत पर्याप्त शिक्षक छैनन् । विद्यालयसँग निजी स्रोतमा शिक्षक राख्नसक्ने आर्थिक स्रोत छैन् । उक्त विद्यालयले समेत पूर्वप्राथमिक कक्षा र कक्षा १ लाई संयुक्त कक्षामा राखी पढाउँदै आएको छ । 'खेलाउनुपर्ने नानीहरु र पढाउनु पर्ने विद्यार्थीहरुलाई एकै कक्षामा राखेर पढाउन समस्या पर्छ नै', विद्यालयका प्रअ डिल्लीराम लुइँटेलले भने, 'माथिल्ला कक्षाहरुमा राम्रो मिहिनेत गरेर पढाउन सकियोस् भनेर कक्षा १ र पूर्वप्राथमिक तहलाई संयुक्त कक्षा बनाएका हौं ।'

फिदिम-४ मै रहेको तिरतिरे आधारभूत विद्यालयमा समेत शिक्षक अभावको समस्या छ । जसकारण कक्षा ४ र ५ लाई संयुक्त कक्षाका रुपमा पठनपाठन गराउने गरिएको छ । सो विद्यालयका शिक्षक सन्तोष भण्डारी संयुक्त कक्षाले शिक्षण सिकाइ प्रभावकारिताको अवस्था निकै कमजोर हुने गरेको बताउछन् । संयुक्त कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता यी विद्यालयहरुको मात्रै होइन । जिल्लाका अन्य विद्यालयहरुलेसमेत यस प्रकारको अभ्यास गरेर विद्यार्थीहरुलाई शिक्षाको ज्योति दिँदै आएका छन् । फिदिम नगरपालिकाको शिक्षा शाखा प्रमुख निर्मला दाहालका अनुसार फिदिमभित्रै दर्जनौं विद्यालयहरुमा शिक्षक अभावका कारण संयुक्त कक्षा सञ्चालन भइरहेका छन् ।

सरकारी मापदण्डअनुसार न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुलाई पर्याप्त शिक्षकको व्यवस्था गर्नसक्ने अवस्था नरहेको दाहालको भनाइ छ । 'प्रस्तावित विद्यालयहरुमा त यस्तो समस्या हुन्छ नै, अनुमति पाएका विद्यालयहरुमा समेत शिक्षक अभाव छ', दाहालले भनिन्, 'माथिल्लो कक्षाको अनुमति लिँदा विद्यालय आफैँले शिक्षकको व्यवस्था गर्ने दाबी गर्छन् । अनुमति पाएपछि शिक्षक राख्न सक्दैनन् ।' फिदिम नगरपालिकाभित्रै कतिपय विद्यालयहरुमा शून्य दरबन्दीमा माथिल्ला तहहरु सञ्चालनमा छन् । 'प्राथमिक तहमा मात्रै दरबन्दी भएका विद्यालयले निमावि तथा निमावि तहमा मात्रै दरबन्दी भएकाले मावि तह चलाइरहेका छन्', दाहालले भनिन्, 'तहमै शून्य दरबन्दी भएका विद्यालयहरुमा नगरपालिकाले स्वयंसेवक शिक्षकको व्यवस्था गरेको छ ।' फिदिम नगरपालिकाले माध्यमिक तहमा चार तथा आधारभूत तहमा नौजना स्वयंसेवक शिक्षक खटाएको दाहालले जानकारी दिए । फिदिमका कालिका, भगवती, सिद्धकाली र जनता माविमा माध्यमिक तहको दरबन्दी शून्य छ ।


त्रिभुवन विश्वविद्यालय
कृषि तथा पशु विज्ञान अध्ययन संस्थान
**रामपुर क्याम्पस,**
खैरहनी, चितवन, वागमती प्रदेश

**रामपुर क्याम्पसको भौतिक संरचना निर्माण कार्यको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना**

**प्रकाशित मिति : २०७७/१२/०४**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | त्रिभुवन विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, **रामपुर क्याम्पस**, खैरहनी, चितवन, फोनः ०५६-५८३००२/५८३०१७, इमेलः rampur-campus@iaas.edu.np |
| **प्रभाव पर्न सक्ने जिल्ला/ न.पा. वडा** | चितवन जिल्ला, खैरहनी नगरपालिका वडा नं ४ |

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा ५ र वातावरण नियमावली, २०७७ को नियम ६ बमोजिम यस प्रस्तावको कार्यान्वयनको क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरुसंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरु दिनु हुन अनुरोध गर्दछौ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**
स्थान : खैरहनी नगरपालिका वडा नं ४ को कार्यालय
मिति : २०७७/१२/०८ गते आइतबार
समय : बिहान ११ बजे



**Champadevi Rural Municipality**
Kalika,Okhaldhunga
**Invitation for e-bids**
**First Date of publication: 2021-03-17**

1. The Champadevi Rural Municipality invites ebid sealed quotations for the following work

| Contract No. | Name of Work | Estimated Amount (Without Vat.) | Bid Security Amount |
|---|---|---|---|
| CDRM/SQ/08 /077/078 | Samudayik Bhawan Nirman Pokhari Bhangyang | NRS. 8,87,833.90 | NRS. 21,600.00 in Dharauti Account No. ga.3.1 (1125701782616044) |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Champadevi Rural Municipality, Kalika, Okhaldhunga, ito.champadevimun@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who submit their bid electronically may download the bidding documents for E-submission from PPMO's e-GP www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   ***Name of the Bank: Agricultural Development Bank***
   ***Name of Office: Champadevi Ruralmunicipility***
   ***Office Internal Reveneu Account no. - Ga.1.1(1125701782616052)***
   ***Rajaswa (revenue) Shirshak no. : 14229***
4. Sealed bids must be submitted to the office Champadevi Rural Municipiplity Kalika Okhaldhunga hrough www.bopatra.gov.np/egp on or before 12:00 pm on 2021-03-31. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2021-03-31 13:00 PM at the office of Champadevi Rural Municipiplity Kalika Okhaldhunga. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

*Chief Administrative Officer*

# २ महिनासम्म गोरखा दरबार संग्रहालय बन्द नहुने



■ सौर्य समाचार

गोरखा । आन्तरिक तथा बाह्य पर्यटकको चाप बढ्दै गएपछि गोरखा दरबार संग्रहालय आगामी दुई महिनासम्म सबै दिन खुला हुने भएको छ। संग्रहालय अवलोकनमा आउने पर्यटकको सुविधाका लागि पुरातत्व विभागको सहमतिमा हरेक मंगलबार तथा सार्वजनिक बिदाको दिन पनि खुल्ला गर्ने निर्णय गरिएको संग्रहालय प्रमुख नवराज अधिकारीले जानकारी दिए ।

'यसअघि हरेक हप्ताको मंगलबार र सार्वजनिक बिदाको दिनमा संग्रहालय बन्द हुँदै आएको थियो', उनले भने, 'अब चैत र वैशाख महिनामा भने सबै दिन संग्रहालय खुल्ला रहनेछ ।' संग्रहालयमा नेपाल एकीकरणका प्रणेता तत्कालीन राजा पृथ्वीनारायण शाहको चिनादेखि शाह वंशका पालामा लडाइँ गर्दाका हातहतियार छन् । पर्यटकले पुरातात्विक वस्तु, विभिन्न जातजातिका संस्कृति झल्कने सामग्री, पुराना सिक्का तथा भाँडा, बर्तन, तस्बिर तथा चित्रकलाका साथै विभिन्न जातजातिका संस्कृति झल्कने आकृति संग्रहालयमा अवलोकन गर्न पाउँछन् । पर्यटकले संग्रहालयभित्र रहेका तेल चित्रकक्ष, वंशावलीकक्ष, जन्मकुण्डलीकक्ष, दिव्योपदेशकक्ष, हातहतियारकक्ष, धार्मिक परम्परागतकक्ष, जनजातिको झाँकीकक्ष, परिचात्मककक्ष, भडाँवर्तनकक्ष, श्रव्यदृश्यकक्ष, चैत्यकक्ष र हस्तलिखित गरी १२ प्रदर्शनीकक्षको अवलोकन गर्नसमेत पाउनेछन् । ०४३ मा गोरखा दरबार संरक्षित स्मारक क्षेत्रको घोषणा गरी संग्रहालयलाई पृथ्वी स्मृति संग्रहालयको रूपमा विकास गर्ने योजना रहे पनि पछि पूरै जिल्लाको पहिचान दिने गरी गोरखा संग्रहालयका रूपमा विकास गरिएको थियो ।

# प्रेममा असफल भएपछि घाँटी रेटेर हत्या


■ रमेशकुमार वली

सल्यान । प्रेममा असफल भएपछि मान्छेले कतिसम्म गर्न सक्दो रहेछ भन्ने सल्यानमा घटेको घटनाले पुष्टि गरेको छ । गत वर्ष २ फागुन प्रणय दिवसकै दिन त्रिवेणी गाउँपालिका-१ काभ्राकी १६ वर्षीया कविता बोहोराको असफल प्रेमकै कारण हत्या गरिएको कुरा पुष्टि भएपछि रहस्य खुलेको हो ।

कविताको हत्या भएको एक वर्ष एक महिनापछि प्रहरीले हत्यामा संलग्न १६ वर्षीय एक बालकलाई पक्राउ गर्न सफल भएको हो । प्रहरीको लामो अनुसन्धानपछि घटनामा संलग्न बालकलाई जिल्ला अदालत सल्यानको निर्णय बमोजिम पुर्पक्षका लागि नेपालगञ्ज सुधार गृहमा पठाएको छ । मंगलबार जिल्ला प्रहरी कार्यालय सल्यानमा आयोजित पत्रकार सम्मेलनामा प्रहरीले लामो अनुसन्धानपछि सफलता हात पारेको जनाएको छ ।

कवितालाई आफूले प्रेम गर्ने तर कविताले प्रेम नगरी अर्को व्यक्तिसँग प्रेम सम्बन्धमा रहेको थाहा पाएपछि हत्यासम्मको योजना बनाएको कुरा अभियुक्तले स्वीकार गरेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी नायव उपरीक्षक गोविन्द थापाले जानकारी दिए । 'अभियुक्तले कवितालाई १३ वर्षको उमेरदेखि नै विवाह गरौं भन्ने गरेको रहेछ र कविताले उसलाई कुनै वास्ता नगरेपछि मेरो नहुने भए अरूको पनि हुन दिन्न भन्ने मनसायले हत्या गरेको रहेछ', थापाले भने । प्रहरीले अनुसन्धानका क्रममा दुई दर्जन बढी व्यक्तिहरूलाई अनुसन्धानका लागि ल्याएको र निकै सुक्ष्म अनुसन्धानपछि प्रहरी हत्यारासामु पुगेको प्रहरीको भनाइ छ ।

त्रिवेणी गाउँपालिका-१ जनता मावि काभ्रामा पढ्ने र नाताले कविताको दिदीको छोरा पर्ने अभिुक्तले कविता १३ वर्षको उमेरदेखि नै मन पराउने र विवाहको प्रस्ताव राख्दै आएका थिए । कविताले विवाहको प्रस्ताव गरेको कुरा आफनो आमालाई समेत भनेकी थिइन् तर बाबुआमाले छोरीको उमेर नपुगेकोले पढ्ने कुरा गरेपछि कविताले त्यसलाई बेवास्ता गर्दै आएकी थिइन् । घरसमेत नजिकै भएकोले पनि विद्यालय आउँदाजाँदा सँगै हुने



र प्रेमपत्र झोलामा राखिदिने गर्दा पनि कविताले कुनै प्रतिक्रिया दिएकी थिइनन् । कविताले कुनै पनि प्रतिक्रिया नदिएपछि आवेसमा आएका बालकले ०७६ सालको फागुन २ गते प्रणय दिवसको दिन प्रेम स्वीकार गर्न सक्ने झिनो आशा लिएर प्रस्ताव गरेको तर कविताले कुनै प्रतिक्रिया नदिएपछि त्यसै दिन राती कविताको हत्या गर्ने योजना बनाएको अभियुक्तले प्रहरी तथा जिल्ला अदालत सल्यानमा स्वीकार गरेका छन् ।

कविताको कोठामा टेलिफोनको नेटवर्कले राम्रोसँग काम नगर्ने र नजिकै बुबाआमा सुत्ने भएकोले पनि फोन गर्नका लागि उनी घरबाहिर आउने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । बाहिर आएको समयमा अभियुक्तले कपाल समातेर धारिलो हतियार प्रयोग गरी टाउको तथा घाँटी रेटेर भकारोमा हत्या गरेको स्वीकार गरेको प्रहरीको भनाइ छ ।

अभियुक्तले कवितालाइ फकाउन निकै मिहिनेत गरेको तर कविताले कुनै पनि महत्व नदिएपछि हत्याको योजना बनाएको प्रहरी नायव उपरीक्षक थापाले बताए । 'अभियुक्तले आफनो नहुने भए अरूको पनि हुन दिन्न भनेर नै हत्या गरेको र प्रहरीले पक्राउ गरेपछि के के भन्ने भनेर डायरीमा टिपेर राखेको डायरी प्रहरीले बरामद गरेको छ', थापाले भने ।

प्रहरीले अनुसन्धानका लागि तालिम प्राप्त कुकुर तथा सिआइबीको टोलीसमेत परिचालन गरेको थियो । तर, हत्याराले घटनास्थलमा कुनै पनि प्रमाण नछोडेको तथा शवमा अन्य व्यक्तिहरूले छोएकोले कुकुर अलमलमा परेको प्रहरीको भनाइ छ तर कुकुरले आउने बेला र जानेबेला देखाएको बाटो प्रयोग गरेको अभियुक्तले स्वीकार गरेको प्रहरीको भनाइ छ ।

यसैबीच कविताका बुबा खडकबहादुर बोहोराले आफूहरूले कल्पना नै नगरेको व्यक्ति घटनामा संलग्न भएको बताएका छन् । 'घरबाट तीन मिनेटको दुरीमा घर थियो उसले प्रेम प्रस्ताव राखेको तर हत्या गर्ला भनेर सोचेका थिएनौं, छोरीले अर्कै केटासँग फोन गरेको थाहा पाएपछि उसले हत्या गर्ने योजना बनाएको रहेछ ।' आफ्नो दुई वटा छोरी मात्रै रहेको र सम्पत्तीमा समेत आँखा लगाएकोले प्रेम गर्न खोजेको र असफल भएपछि हत्या गरेको आफनो अगाडि स्वीकार गरेको बोहोराले बताए ।

प्रहरीले लामो समय लगाएर सफलता हात पारेको भए पनि उसलाई आजीवन कारावासको सजाय दिए मात्रै छोरीको आत्माले शान्ति पाउने उनले बताए । 'मेरो छोरीलाई हत्या गर्नुपर्ने कुनै कारण थिएन यस्ता अपराधीलाई सजाय कम भयो भने भोलि अरू पनि घटना घटाउन सक्छन् मेरो माग भनेकै उसलाई आजीवन कारावासको सजाय होस् भन्ने हो', बोहोराले भने ।

प्रहरीले अनुसन्धानका लागि सबै विकल्पहरू प्रयोग गरेको र सफल अनुसन्धान गरी दोषी पत्ता लगाएको भन्दै जिल्ला प्रहरी कार्यालय सल्यानमा कार्यरत प्रहरी निरीक्षक लक्ष्मण वलीलाई सम्मान गरिएको छ ।



**एक थुकी सुकी सय थुकी नदी** : म्याग्दीको अत्यन्त विकट क्षेत्र मानिएको धवलागिरि गाउँपालिका-३ गुर्जामा सिँचाइका लागि सामुहिक रूपमा कुलो खन्दै स्थानीयवासी । *(तस्बिर/रासस)*

# खुला सरकारको अवधारणालाई प्रभावकारी बनाइने

■ सौर्य समाचार

ललितपुर । जिल्लाका स्थानीय तहले खुला सरकारको अवधारणालाई प्रभावकारी बनाउने प्रतिवद्धता ब्यक्त गरेका छन् । सेसी नेपालको सहयोग तथा सल्भ नेपाल सुशासन परियोजना र स्थानीय सरकारको सहकार्यमा तयार भएका सामाजिक जवाफदेहिताका प्राविधिक औजारहरू हस्तान्तरण कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरूले यस्तो प्रविबद्धता व्यक्त गरेका हुन् ।

खुला आँकडा दिवसको अवसर पारेर गरिएको कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरूले जवाफदेहिताका प्राविधिक औजारहरूले स्थानीय तहमा सुशासन र पारदर्शिता ल्याउन सहयोगी हुने बताएका थिए । ललितपुरको कोन्जोसोम गाउँपालिकाका अध्यक्ष गोपिलाल सिंतान, उपाध्यक्ष मिग्मा लामा, प्रमुख प्रशासकीय अधिकृत विकाश शर्मा रिजालले सुशासन परियोजनाको सहयोगमा तयार भएका प्रविधिले स्थानीय सरकारका सेवा र सुविधा प्रदान गर्न जनतालाई सहज भएको बताएका थिए ।

त्यस्तै बाग्मती गाउँपालिकाका उपाध्यक्ष रन्जना घिमिरे, प्रमुख प्रशासकीय अधिकृत खम्बुराज चामलिङ, महालक्ष्मी नगरपालिकाका उपमेयर निर्मला थापाले जवाफदेहिताका प्राविधिक औजारहरूको मद्दतबाट स्थानीय तहका हरेक कार्य र गतिविधिको बारेमा जनताले सहजै जानकारी पाउने बिश्वास ब्यक्त गरेका थिए । कार्यक्रममा सल्भ नेपालका वोर्ड सदस्य सरदराज गौतमले सबै मिलेर अगाडि बढेमा स्थानीय निकायका काम कारबाही प्रभावकारी रूपमा अगाडि बढाउन सकिने बताएका थिए । उनले विकासको साझेदारीका लागि सल्भ नेपाल सदैव तयार रहेको बताए । खुला आँकडा दिवसको अवसर पारेर गरिएको कार्यक्रममा सेसी नेपालका नरेन्द्र रोकायाले जवाफदेहिताका प्राविधिक औजारहरूले नागरिक र स्थानीय निकायको दुरी कम गर्न सहयोग पुऱ्याउने विश्वास ब्यक्त गरे ।

सुशासन परियोजनाकी जिल्ला संयोजक प्रतिज्ञा न्यौपाने मिश्रले स्थानीय सरकारले दिने सेवा र सुविधालाई प्रभावकारी बनाउन आफूहरूले यस्तो औजारहरू तयार पारी स्थानीय निकायलाई हस्तान्तरण गरिएको बताइन् । सेसी नेपालको सहयोगमा सञ्चालित सुशासन परियोजनाले ललितपुरका विभिन्न स्थानीय तहका काम कारबाही, योजना तथा सेवा सुविधा सहितको जवाफदेहिताका प्राविधिक औजारहरू तयार पारेको थियो । यस्ता औजारहरूले खुला सरकारको अवधारणालाई अगाडि बढाउन सहयोग पुऱ्याउने संयोजक मिश्रले बताइन् ।

# मदिरा उत्पादन र सेवन गर्न अनुमति आवश्यक

■ सौर्य समाचार

पाँचखाल । काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिकाले यहाँका नागरिकलाई मदिरा उत्पादन तथा सेवन गर्न अनुमति लिनुपर्ने व्यवस्था गरेको छ ।

'मदिरा नियमन तथा व्यवस्थापन ऐन २०७७' अनुसार नागरपालिकाले मदिरा उत्पादन तथा सेवन गर्न अनुमति लिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको हो । नगर क्षेत्रभित्र सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्दै सभ्य, शान्त र सकारात्मक बाटोमा समुदायलाई अग्रसर गराउन तथा घरेलु हिंसा न्यूनीकरणका लागि नगरपालिका क्षेत्रभित्र मदिरा उत्पादन, बिक्री वितरण र सेवन कार्यको नियमन तथा व्यवस्थापन गर्न यस्तो व्यवस्था लागू गरिएको नगरपालिकाले जनाएको छ ।

मदिरा उत्पादन, बिक्री वितरण र सेवनका लागि अनुमति लिनुपर्ने तथा मदिरा सेवनकर्ताले वार्षिक शुल्क तिरेर 'सेवन कार्ड' लिनुपर्ने व्यवस्था नगरपालिकाले गरेको छ । सो ऐनले १८ वर्षको उमेर पूरा नगरेका व्यक्तिले मदिरा बिक्री वितरण गर्न नपाउने व्यवस्था गरेको छ । ऐनविपरीत मदिरा सेवन





गरी समुदायमा होहल्ला, शान्ति भंग हुने क्रियाकलाप वा झैझगडा गर्ने व्यक्तिलाई पहिलोपटकका लागि पाँच सय रुपैयाँ जरिवाना तथा सोही व्यक्तिले पटकपटक सो प्रक्रिया दोहोऱ्याएमा २० प्रतिशतका दरले जरिवाना बढ्दै जाने प्रावधान रहेको छ । एउटा वडामा एक वटा थोक मदिरा पसल र पाँच वटा ओसारपसार मदिरा पसलका लागि मात्र अनुमति दिने ऐनमा उल्लेख छ ।

यसैगरी नगरपालिकाले त्यसरी मदिरा उत्पादन र सेवन गर्न व्यवस्था गरिने भए पनि बिक्री वितरण र सेवनका लागि निश्चित समयसमेत तोकेको छ । थोक बिक्रेता र ओसारपसारकर्ताले बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म बिक्री वितरण गर्नुपर्ने व्यवस्था छ । मदिरा सेवनकर्तालाई भने बेलुकी ५ बजेदेखि ८ बजेसम्म मात्रै मदिरा बिक्री वितरण गर्न पाइने व्यवस्था गरेको नगरपालिकाले जनाएको छ । विद्यालय, स्वास्थ्य केन्द्र, सार्वजनिकस्थल, पार्क, मन्दिर, सरकारी तथा गैरसरकारी कार्यालयभन्दा कम्तीमा दुई सय मिटर टाढा मदिरा पसल खोल्न पाउने व्यवस्था रहेको छ । ओसारपसार गर्ने बिक्रेताले बिक्री गरेको मदिराको लगत राख्नुपर्ने व्यवस्था गरेको नगरपालिकाले जनाएको छ ।

जाति विशेषका पर्व, उत्सव, परम्परा र संस्कृतिको समयमा नगरपालिकासँग पूर्वस्वीकृति लिई तोकिएको समय, स्थान र संख्यामा मदिरा लैजान सकिने व्यवस्था ऐनले गरेको छ । सेवनकर्ताले नगरपालिकाबाट सेवन कार्ड लिनुपर्ने र सो वापत वार्षिक एकमुष्ठ पाँच सय तथा नवीकरण र कार्डबापत पाँच सय बुझाउनुपर्ने व्यवस्था छ । अतिथि कार्डबापत प्रत्येक दिन सय रुपैयाँका दरले तिर्नुपर्ने व्यवस्था ऐनले गरेको छ ।

यसैगरी नगरपालिकाले प्रत्येक वडामा सात सदस्यीय वडास्तरीय मदिरा नियमन तथा व्यवस्थापन समिति गठनको व्यवस्थासमेत गर्न लागेको जनाएको छ । 'नगरसभाबाट पारित भएको यो ऐनलाई राजपत्रमा प्रकाशन गर्ने तयारी भइरहेको छ', नगर उपप्रमुख लक्ष्मी दनुवारले भनिन्, 'राजपत्रमा प्रकाशत भएपछि स्वतः कार्यान्वयनमा आउनेछ ।' ऐनविपरीत कार्य गरेबापत संकलन भएको रकममध्ये २५ प्रतिशत सुरक्षा व्यवस्थापनमा, २५ प्रतिशत शिक्षा र स्वास्थ्य क्षेत्रमा, १५ प्रतिशत सुराकीलाई, १५ प्रतिशत सूचनामा र २० प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिने व्यवस्था रहेको नगरपालिकाले जनाएको छ ।

# बाँदर धपाउन उपकरण वितरण

■ सौर्य समाचार

मकवानपुर । जिल्लाको मकवानपुरगढी गाउँपालिकाले किसानलाई लक्षित गरी खाद्यान्न बाली नोक्सानी पुऱ्याउने बाँदर धपाउन उपकरण वितरणको तयारी थालेको छ । बाँदरका कारण वर्षौंदेखि बाली बिरुवामा नोक्सानी खेप्दै आएका गाउँपालिकाभित्रका किसानहरूको समस्यालाई मध्यनगर गर्दै ठूलो आवाज निकालेर बाँदर धपाउने उपकरण वितरण गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनीले जानकारी दिए ।

गाउँपालिकाले बजेट विनियोजन गरी किसानलाई बाँदर धपाउने २ सय ८० वटा उपकरण वितरण गर्न लागेको गाउँपालिकाका अध्यक्ष विदुर हुमागाइँले जानकारी दिए । गाउँपालिकाले पाँच लाख बजेट छुट्याएको छ । पहिलो चरणमा २ सय ८० वटा उपकरण खरिद गरी वितरण गरिने अध्यक्ष हुमागाइँले जानकारी दिए ।

उपकरण जीवजन्तुलाई तर्साउन/डराउनका साथै बालीविरुवामा आएकालाई भगाउन प्रयोग हुने जनाइएको छ । बन्दुक पड्काएको जस्तो आवाज



आउने उपकरणबाट ठूलो आवाज आउने भएकाले बाँदरसहित अन्य जीवजन्तु भगाउन सकिने अनुमान गाउँपालिकाले लिएको छ ।

गाउँपालिकाले उपकरण प्राप्त गर्नका लागि किसानहरूलाई सूचना प्रकाशितसमेत गरेको छ । उपकरण गाउँपालिकाले निःशुल्क वितरण गर्ने अध्यक्ष हुमागाइँले जानकारी दिए । गाउँपालिकाका आठ वटै वडाका बाँदर प्रभावित क्षेत्रका टोलविकास संस्था, सहकारी संस्था, कृषक समूह तथा कृषि फार्महरूले उपकरण माग गर्न सक्ने अधिकृत पुडासैनी बताए ।

चिन्तन

हजारौं युद्धहरु जित्नुभन्दा महत्वपूर्ण कुरा हो, आफैंलाई जित्नु । यही नै तिम्रो विजय हो । यसलाई तिमीबाट खोस्न सकिँदैन न त परीद्वारा न त प्रेतद्वारा ।

–महात्मा गौतम बुद्ध

## सम्पादकीय

# संवादको ढोका खोल

प्रधानमन्त्री ओलीले आफ्नै पार्टीको असन्तुष्ट पक्ष तथा सत्ता साझेदार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग संवादको प्रयत्न सुरु गरेका छन् । प्रधानमन्त्री ओली आफैँले सिधै यो प्रयत्न गरेका हुन् । उनले गत आइतबार आफ्नै पार्टी नेकपा एमालेका असन्तुष्ट पक्षका नेताहरूसँग सम्पर्क गरी भेटघाटका लागि बोलाएका थिए । असन्तुष्ट पक्षका नेता माधवकुमार नेपालले बालुवाटार जान अस्वीकार गरेपछि सोमबार पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा दुई पक्षको भेटवार्ता भएको थियो । यसैगरी प्रधानमन्त्री ओलीले सत्ता साझेदार माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई पनि टेलिफोन सम्पर्क गरी छलफलका लागि आग्रह गरेका छन् । टेलिफोन सम्पर्कका क्रममा दुई नेताबीच करिब तीन मिनेट संवाद भएको समाचार मिडियामा आएको छ । मुलकको राजनीतिमा सर्वाधिक महत्वपूर्ण तथा निर्णायक भूमिका भएका यी नेताहरूबीच विगत तीन महिनादेखि संवादहीनता मात्रै होइन पानी बाराबारकै अवस्था छ । एकअर्कालाई सार्वजनिक रूपमै संगीन आरोप लगाउने अभियानमा ओली र प्रचण्ड जुटेका छन् । यो अवस्था जबसम्म जारी रहन्छ तबसम्म मुलुकले समस्याबाट निकास पाउनु त परै जाओस् झन्झन् समस्या थपिने निश्चित जस्तै छ ।

नेकपा एमाले एक ढिक्का भएन भने, प्रधानमन्त्री ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीचको दुरी यसरी नै बढ्दै गयो भने मुलुकले के कस्तो मूल्य चुकाउनुपर्छ ? भन्ने कुरा जसपाले अघि सारेका सर्त तथा ती दलका नेताहरूमा उत्पन्न चरम महत्वकांक्षाले पुष्टि गरिसकेको छ । ओली र प्रचण्ड एकअर्कालाई जसरी पनि सिध्याउने अभियान मधेसीदलको सहयोगमा मात्रै सफल हुन्छ । जसपाले राखेका सर्त पूरा गरेरै भए पनि एकअर्कालाई सिध्याउने तहसम्म यी दुई नेता पुग्ने संकेत देखिएको छ । मुलुकका लागि ज्यादै खतरनाक संकेत हो यो । दुई वटा श्यालबीच कुरौनी बाँडफाँडको झगडामा मध्यस्थता गर्न बसेको बाँदरले कसरी फाइदा लिएको थियो ? भन्ने कथा ओली र प्रचण्डले मनन् गर्नुपर्छ । वर्तमान संविधान जारी हुनासाथ तराईमा कसको सहयोगले कसले, कसरी आगो बालेको थियो ? भन्ने कुरा ओली र प्रचण्डले मनन् गरे भने मात्रै पनि पुग्छ । जुन शक्तिले आफ्ना स्वार्थ लाद्दै संविधान जारी हुन दिएको थिएन, संविधान जारी हुनासाथ मुलुकमा उत्पात मच्चाएको थियो, त्यही शक्तिलाई सत्ता बुझाउने प्रतिस्पर्धाका लागि गत आमनिर्वाचनमा जनताले ओली र प्रचण्डलाई करिब दुईतिहाइ सिट जिताइदिएका थिएनन् । लोकतान्त्रिक संविधान निर्माण गरेबापत र स्थायी सरकारको प्रत्याभूति दिने प्रयत्नबापत जनताले दिएको नासो हो यो बहुमत । यो नासोलाई उनीहरूले सकेसम्म आफूले सदुपयोग गर्नुपर्छ, नसके जनतालाई फिर्ता गर्नुपर्छ । जनताले दिएको यो नासो बुझाउन कहिले शेरबहादुर देउवाको र कहिले मधेसीदलको ढोकामा चाहर्ने अधिकार ओली र प्रचण्डलाई छैन ।

अहिले देखिएको द्वन्द्व सत्ता स्वार्थबाहेक केही पनि होइन । सत्ता स्वार्थको यो द्वन्द्वमा एउटा पक्ष दोषी र अर्को पक्ष निर्दोषी छैनन् । कहिले एउटा पक्षले अर्घेल्याइँ गरेको देखिन्छ भने कहिले अर्को पक्षले अर्घेल्याइँ गरेको देखिन्छ । गठबन्धन बनाएर गत आमनिर्वाचनमा होमिदाको बेलादेखि नै यस्तो कमजोरी प्रकट हुँदै आएको हो । यो अवधिमा दुवै पक्षबाट थुप्रै कमीकमजोरी भएका छन् । यी कमीकमजोरीका फेहरिस्त निकै धेरै छन् । मुख्य रूपमा १९ बुँदे आरोपपत्र प्रचण्डको तर्फबाट भएको ठूलो कमजोरी हो । प्रतिनिधिसभा विघटन ओलीका तर्फबाट भएको ठूलो कमजोरी हो । १९ बुँदे आरोपपत्र प्रचण्डले फिर्ता लिने र प्रतिनिधिसभा विघटनलाई ओलीले गल्तीका रूपमा स्वीकार्ने हो भने संवादको ढोका खुल्न अप्ठेरो छैन । संवादका लागि प्रयास गरेर प्रधानमन्त्री ओलीले राम्रो सन्देश दिएका छन् । ओलीको यो प्रयासलाई प्रचण्ड र माधव नेपालले कमजोरी नठानून् । ओलीले पनि देखाउनका लागि मात्रै या शक्ति सञ्चयको रणनीतिका लागि संवादको अस्त्र प्रयोग नगरुन् । अब प्रतिनिधिसभाको कार्यकाल जम्मा १९ महिना बाँकी छ । यदी सत्ता सहयात्रा संभव छैन भने अग्रिम चुनावका लागि सहमति गरे हुन्छ ।

# मधेसमा खै लोकतन्त्र ?



महन्थ ठाकुर

लोकतन्त्र खतरामा छ भन्छन् तर मधेसमा खै लोकतन्त्र ? मधेसमा लोकतन्त्र छ ? सामान्य जुलुस प्रदर्शन गर्दा र धर्नामा बस्दा मानिसले गोली खाएका छन् । एउटा मानिसको मूल्य १० लाख हो ? गोली हानेर मार्दा १० लाख लिन्छ, अरू के गर्छ र भन्ने सोचले गोली चलाएको छ । अत्याचार भएको छ । घरमा घुसेर महिलामाथि हातपात भएको छ । संस्कृतिमाथि आक्रमण भएको छ

नेकपा एमाले, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र माओवादी केन्द्रका नेताहरूसँग हाम्रो पटकपटक भेटघाट भएको छ । कहिले एक्लै, कहिले दुई जना, कहिले पाँच जना सँगै बसेर कुराकानी भइरहेको छ । सर्वप्रथम प्रधानमन्त्री केपी शर्मा ओलीसँग हाम्रो कुराकानी भयो । ओलीजी सरकारमा हुनुहुन्छ । पहिला पनि उहाँ सरकारमा हुँदा संविधान संशोधन, नागरिकता, भाषा प्रतिनिधित्वसम्बन्धी र हामीहरूमाथि भएका मुद्दाका विषयमा सहमत नै हुनुहुन्थ्यो । लिखित रूपमा पनि पत्र आदानप्रदान भएकै हो । हाम्रो दुईवटा प्रमुख मुद्दा छन्, एउटा टीकापुर घटनाको र अर्को महोत्तरीको जलेश्वर घटना प्रमुख हो । अरू ससाना मुद्दाहरू जिल्ला प्रशासन कार्यालयमा छन् ।

चुनावभन्दा अगाडि दुवैतर्फबाट टास्कफोर्स बनेको थियो । कति मुद्दा छन्, कति जनामाथि मुद्दा चल्यो भनेर गरिएको अध्ययनमा करिब १२ सय जनामाथि मुद्दा देखिन्छ । यी सबै मुद्दा एकसाथ फिर्ता लिने र राजबन्दीहरूलाई रिहा गर्नुपर्ने हाम्रो माग हो । नागरिकताको समस्या पनि समाधान हुनुपर्छ । हाम्रा मागलाई कसैले पनि अस्वीकार गर्नुभएको छैन । यो त वास्तवमा देशको समस्या हो, तर यो मधेसको मात्र हो भन्ने प्रश्न उहाँहरूबाट आउँछ । मधेसले बारम्बार आवाज उठाएका कारण यसलाई मधेसको समस्याका रूपमा बुझिएको छ । यसको समाधानका लागि सबै सहमत हुनुहुन्छ । अर्को, हाम्रो सांसद रेशम चौधरी जेलमा हुनुहुन्छ । उहाँलाई सपथ ग्रहण पनि गराइयो । तर, उहाँ निलम्बित हुनुहुन्छ । यसका साथै त्यही मुद्दामा अरू पनि जेल परेका छन् । लोकतन्त्र खतरामा छ भन्छन् तर मधेसमा खै लोकतन्त्र ? मधेसमा लोकतन्त्र छ ? सामान्य जुलुस प्रदर्शन गर्दा र धर्नामा बस्दा मानिसले गोली खाएका छन् । एउटा मानिसको मूल्य १० लाख हो ? गोली हानेर मार्दा १० लाख लिन्छ, अरू के गर्छ र भन्ने सोचले गोली चलाएको छ । अत्याचार भएको छ । घरमा घुसेर महिलामाथि हातपात भएको छ । संस्कृतिमाथि आक्रमण भएको छ । संस्कृतिमाथि आक्रमण हुँदा भगवान्ले पनि माफी दिनुहुन्न । हामीमाथि यस्तो किसिमको आक्रमण भएको छ । यो सुन्दा पीडा हुन्छ । यो कसले गऱ्यो त ? हाम्रै सरकारले गरेको हो । कुनै विदेशी सरकारले गरेको होइन । गोली लागेर मर्नेको परिवारले केही नपाउने र गोली चलाएर मार्नेले प्रमोसन पाउने ? विभेद त प्रस्टै देखिन्छ ।

अहिलेको सत्ता सहकार्यको संवाद किन टुंगोमा पुगिरहेको छैन ? कहाँ रोकिएको छ ? भन्ने प्रश्न धेरैले गर्छन्, तर बास्तविकता बुझ्न खोज्दैनन् । किनकी सहमतिमा पुग्न हाम्रा लागि ढोका बन्द भएको छ, बाटो बन्द छ । हाम्रा मानिसहरू जेलमा छन् । हाम्रा मानिसहरूमाथि विभिन्न मुद्दा लागेका छन् । हाम्रा माग पूरा गर्नुपर्छ भनेर सबैले स्वीकार गर्नुभएको छ । ओलीजी अहिले सरकारमा हुनुहुन्छ । उहाँ अहिले गर्ने अवस्थामा हुनुहुन्छ । त्यसकारण उहाँसँग हाम्रो भेट र छलफल भएकै हो । उहाँले मैले गर्न सक्ने जति म गर्छु भनेर काम अगाडि बढेको छ । उहाँले आफ्नो तर्फबाट सुवास नेम्वाङजी, विष्णु पौडेलजी र राजन भट्टराईजीलाई अगाडि सार्नुभएको छ । हामीले अहिलेसम्म दुई जनाको नाम दिएका छौं । अस्ति प्रधानमन्त्रीसँगको कुराकानीमा एक/दुईजना अरू राख्नुपर्ने छ भनेर भनेको थिएँ । उहाँले

सरकारको नेतृत्व गएर आफ्ना माग आफैँ सम्बोधन गर्न सक्ने अवस्थामा हामी छैनौं । किनकी हामी आफैँले सरकारको नेतृत्व गरे पनि प्रशासन त उही हो । सबै ठाउँमा उहाँहरू नै हुनुहुन्छ । यो काम कुनै एक्लो व्यक्तिले गर्ने होइन । उहाँहरू मुख्य स्थानमा हुनुहुन्छ । उहाँको साथमा अदालत पनि छ । उहाँको साथमा मुद्दा चलाउने प्रहरी प्रशासन हुन्छ । सरकारी मुद्दा त प्रहरीद्वारा नै चल्छ । त्यसैले कनेक्सन गर्नुपर्ने धेरै छ

ठीक छ, एकजना पठाइदिनुहोस् न त भन्नु भएको छ । त्यो हामीहरूले पठाएका छैनौं । छलफल गरेर थप एक जनालाई पठाउनेछौं । त्यसपछि हामी कुनै निर्णयमा पुग्छौं । प्रधानमन्त्री ओलीका तर्फबाट तीन प्रस्ताव छन् । पहिलो, सरकारमा आउनुहोस्, मिलेर जाउँला । दोस्रो, सरकारमा आउन चाहनुहुन्न भने बाहिरैबाट हामीलाई समर्थन गर्नुहोस् । त्यो पनि भएन भने तपाईं अरूसँग पनि नजानुहोस् । तटस्थ बस्नुहोस् । तर, हामीले हाम्रो एजेन्डा सम्बोधन भएपछि निर्णय गर्छौं भनेर भनेका छौं ।

प्रधानमन्त्री केपी ओलीबाट प्रधानमन्त्री बन्न प्रस्ताव आएको छ , १६ वटा मन्त्रालय दिने प्रस्ताव आएको छ भन्ने बजार हल्ला यतिबेला चलेका छन् । तर, मलाई यस्तो प्रस्ताव कुनै नेताबाट पनि आएको छैन । यो तहसम्म वार्ता पुगेकै छैन । मन्त्रालयको भागबण्डा नियुक्तिले गर्दा नेकपाको यो अवस्था भएको छ । त्यहाँ नै भागबण्डा पुगिरहेको छैन । संसद्मा उहाँहरूको वर्चस्व छ, प्रशासनमा पनि उहाँहरू नै हुनुहुन्छ । हामी कहाँ छौं ? हाम्रो कहीं स्थान नै छैन, ताकि हामी आफ्नो ताकत देखाऔं । हामी त पीडित छौं । हामी मात्र पीडाबाट मुक्ति चाहन्छौं । त्यसैले पहिला हाम्रा मुद्दाहरू सम्बोधन हुनुपर्छ । मुद्दा सम्बोधन नभइकन सरकार वा कुनै गठबन्धन बन्छ भने त्यो गठबन्धनमा हामी जाने छैनौं ।

सरकारको नेतृत्व गएर आफ्ना माग आफैँ सम्बोधन गर्न सक्ने अवस्थामा हामी छैनौं । किनकी हामी आफैँले सरकारको नेतृत्व गरे पनि प्रशासन त उही हो । सबै ठाउँमा उहाँहरू नै हुनुहुन्छ । यो काम कुनै एक्लो व्यक्तिले गर्ने होइन । उहाँहरू मुख्य स्थानमा हुनुहुन्छ । उहाँको साथमा अदालत पनि छ । उहाँको साथमा मुद्दा चलाउने प्रहरी प्रशासन हुन्छ । सरकारी मुद्दा त प्रहरीद्वारा नै चल्छ । त्यसैले कनेक्सन गर्नुपर्ने धेरै छ । किनकी मन्त्री र प्रधानमन्त्रीबाट नीति निर्धारण हुन्छ । शासन त प्रशासनद्वारा हुन्छ ।

यथास्थितिमा प्रधानमन्त्रीमा हाम्रो कुनै दाबी छैन । संसदीय व्यवस्थामा धेरै कुरा संख्यामा निर्भर हुन्छ । संख्याको दृष्टिकोणले पहिला हामी तेस्रो स्थानमा थियौं । नेकपा एमाले र माओवादी केन्द्र अलग भएपछि अब हामी चौथो स्थानमा भयौं । तीन जना (केपी ओली, प्रचण्ड र माधव नेपाल) बीच किन झगडा भएको छ ? त्यही प्रधानमन्त्री पदका लागि हो नि । उनीहरूको झगडाको निराकरण भएको छैन । तीन दलको आँखा त्यही पदमा छ ।

राजनीति ज्योतिषले भविष्यवाणी गरेजसरी चल्दैन । कहिले यो आइडोलोजीअनुसार चल्छ । कहिले गणितअनुसार चल्छ । अहिले हाम्रो लडाइँ आइडोलोजीको होइन, एउटै विचार भएका मानिस आपसमा लडिरहेका छन् । भनौं न, माओवादीको अलग सिद्धान्त होला । तर, माधव नेपाल र ओलीजीको त एउटै सिद्धान्त हो, बहुदलीय जनवाद नै हो । तापनि उहाँहरू अलगअलग हुनुहुन्छ । त्यसकारण यो सत्ताको लडाइँ हो । जो पावरमा छ, ऊ त्यहाँ रहन चाहन्छ । जो छैन, ऊ पावरमा आउन चाहन्छ । यो फर्मुलामा त हामी फिट छैनौं नि ! यसको अर्थ मैले आफूलाई प्रधानमन्त्री पदका लागि फिट छैन भनेको होइन । मैले भनेँ नि, ज्योतिषको अनुसार चल्दैन ।

कहिलेकाहीँ टाउको काटेर पनि सत्ताको निराकरण हुन्थ्यो । तर, गान्धीजी आउनुभयो र उहाँले सत्याग्रहको बेग्लै सिद्धान्त ल्याउनुभयो, सत्य मान्नुपर्छ भन्ने बनाउनुभयो र अंग्रेजहरू भारत छाडेर गए । हतियारले भगाएको होइन नि अंग्रेजलाई । जनबलले अस्वीकार गरेर हटाएको हो, त्यो सत्याग्रह हो । म तिम्रो कानुन मान्दिनँ । तिम्रो शासन बहिष्कार गर्छु । तिम्रो देशमा बनेको लुगा लगाउनदिनँ भनेर अस्वीकार गरेको हो नि । त्यसपछि बाध्य भएर अंग्रेजले छाडेर गयो । अरू दुनियाँको देशहरू पनि सबै तरबारको भरमा स्वतन्त्र भएको होइन । त्यो जनताको चेतनाले नै हो । यो देश हाम्रो हो । यो मिसन हाम्रो हो, भन्ने धारणा भयो ।

# मेलम्ची : कृष्णप्रसाद भट्टराई, कांग्रेस र कम्युनिस्ट



अच्युत रेग्मी

मेलम्ची राष्ट्रिय प्राथमिकतामा रहेको खानेपानी आयोजना हो । मुलुकको राजधानी काठमाडौं उपत्यकाका झण्डै ५० लाख जनसंख्यालाई शुद्ध खानेपानी पुऱ्याउने लक्ष्य राखेर मेलम्ची खानेपानी आयोजनाको काम सुरु गरिएको हो । ०४७ सालमा नेपाली कांग्रेसका तत्कालीन सभापति एवं प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले आफ्नो कार्यकालमा सिन्धुपाल्चोकको मेलम्ची नदीको पानी काठमाडौंमा ल्याएर काठमाडौंका सडक पखाल्ने घोषणा गरेका थिए । सोही घोषणाअनुसार अगाडि बढेको मेलम्ची खानेपानी आयोजनामा पछिल्लो समय चरम राजनीतिककरण हुँदै गएको छ ।

०७४ मंसिरको निर्वाचनमा झण्डै दुईतिहाइ जनमत पाएको एमाले माओवादी गठबन्धन ०७५ जेठमा पार्टी एकीकरणसँगै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको थियो । ०७७ पुस ५ गते प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेपछि नेकपामा कचिंगल मच्चियो । बहुमत पक्षले प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष ओलीलाई साधारण सदस्यसमेत नहरने गरी कारबाही गऱ्यो । जसका कारण ओली चरम संकटमा परे । यही बेला अर्थात फागुन २२ गते प्रधानमन्त्री ओलीले पूर्वनिर्धारित कार्यक्रमविना नै हतारहतार मेलम्चीको उद्घाटन गरे । पूर्वनिर्धारित कार्यक्रमविनै उद्घाटनमा पुगेका प्रम ओलीले मेलम्चीका परिकल्पनाकार एवं कांग्रेसका तत्कालीन सभापति भट्टराईको नामसमेत लिएनन् ।

यही विषयलाई लिएर विभिन्न खाले टीकाटिप्पणी भएका छन् । ओलीको उक्त शैलीलाई लिएर वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालले सामाजिक सञ्जालमा लेखेका छन्, 'मेलम्चीको पानी सुन्दरीजल आइपुग्यो । ०४७ सालमा तत्कालीन प्रधानमन्त्री सन्तनेता कृष्णप्रसाद भट्टराईले मेलम्चीको पानी राजधानीको सडकसमेत पखाल्ने गरी ल्याउँछु भनेर भाषण गर्दा यो प्रस्ताव र योजना बनाउन आदेश दिँदा सपनाको खेती भनेर उत्पात भाषण गर्ने नेकपा (एमाले) का नेता हालका प्रधानमन्त्री केपी ओलीले अरू सबैलाई धन्यवाद दिनुभयो । राजनीतिक निचता त्यस समय अनुभव भयो ओलीले आधा घण्टा लामो भाषणमा कतै पनि मेलम्ची योजनाका प्रस्तावक कृष्णप्रसाद भट्टराईको नाम पनि लिन चाहेनन्', दाहालले भनेका छन् । 'वास्तवमा मेलम्चीको पानी वितरण केन्द्र सुन्दरीजलसामु किशुनजीको शालिक राख्ने प्रस्ताव ओलीले गरेको भए कति सुखद् र राजनीतिक संस्कृतियुक्त हुने थियो', दाहालले लेखेका छन् । हुन त मेलम्चीको पानी ल्याउन सक्रिय किशुनजीलाई निर्वाचनमा पराजित गरेर काठमाडौं क्षेत्र नं १ का त्यस वेलाका मतदाताहरूले कृतघ्नता देखाएका थिए', दाहालले भनेका छन्, 'धिक्कार छ कृतघ्न राजनीति र सोचलाई । जे भए पनि पानी आउने भएकोमा राजधानीवासीलाई बधाई छ ।'

०७३ साल चैत २ गते तत्कालीन खानेपानी तथा सरसफाइ राज्यमन्त्री दीपक खड्काले मेलम्चीको पानी राजधानी ल्याउनका लागि रातारात मेलम्चीको अनुगमन गरेर त्यसको कार्यप्रगतिबारे चासो राख्दै आएका थिए । किसुनजीले देखेको सपना मैले पूरा गर्नुपर्छ भन्ने मान्यता राख्दै राज्यमन्त्री खड्काले मेलम्चीलाई प्राथमिकतामा राखेर काम गरे । प्रचण्ड सरकारका पालामा राज्यमन्त्री रहेका खड्काले फुल मन्त्रीका हैसियतले मेलम्चीको पानी काठमाडौंमा ल्याउनका लागि क्याबिनेटमा लभिङ गर्नेदेखि रातदिन नभनी मेलम्चीको कार्यप्रगतिको बारेमा अनुगमन गरेका थिए ।

सोही समयमा खानेपानी तथा सरसफाई मन्त्रालयका सचिव भीमप्रसाद उपाध्याय र आयोजना कार्यान्वयन इकाईका प्रमुख तीरेशप्रसाद खत्रीले समेत मेलम्चीको पानी उपत्यकामा ल्याउन महत्वपूर्ण भूमिका खेलेका थिए । यस्तै, अर्का सञ्चारकर्मी कुशुम भट्टराईले पनि ओलीले पूर्वप्रधानमन्त्री भट्टराईलाई धन्यवाद नदिएकोमा असन्तुष्टि जनाएका छन् । '०४७ सालमा किसुनजीले राजधानीका सडक पखाल्ने गरी मेलम्चीको पानी ल्याउने सपना देख्नुभएको थियो', उनले भने, 'मेलम्चीबाट पानी ल्याउने प्रकृया त्यहीबाट थालिएको हो ।' 'किसुनजीले

जसका लागि आफ्नो जीवन अर्पण गरे उसैबाट सबैभन्दा बढी धोका पाए कृष्णप्रसाद भट्टराईले । उनले नेपाली कांग्रेसकै लागि आफ्नो सारा जीवन अर्पण गरे । कांग्रेसकै अन्तरघातका कारण चुनाव हारिरहे । एकपटक पनि जननिर्वाचित प्रधानमन्त्री नवनी दिवंगत हुने अवस्था उत्पन्न भएपछि मात्रै उनी चुनाव लड्न वीरगञ्ज पुगे । वीरगञ्जमा पनि भट्टराईले मेलम्ची खानेपानी आयोजनाकै कुरा गरे । वीरगञ्जवासीका लागि मेलम्ची खासै सरोकारको विषय थिएन, तर वीरगञ्जवासीले काठमाडौंवासीको जस्तो कृतघ्नता देखाएनन्

त्यतिबेला मेलम्चीको कुरा गर्दा हाँसोले उडाउने ओलीले आज सोही सपना साकार भएको दिन किसुनजीको नामै लिएनन्', 'यही हो, कृतघ्नताको पराकाष्ठा, मानौं ओलीले उखान खड्ग प्रहार गरी सुरुङ बनाइ मेलम्चीको पानी ल्याएका हुन्', उनले भनेका छन्, 'मेलम्चीको पानी ओलीले नै ल्याएका हुन् भने झैँ दम्भ देखियो ।'

पार्टीभित्रको आन्तरिक विवादले नयाँ मोड लिएर प्रधानमन्त्री पद गुम्ने खतरा बढिरहेका बेलामा हतारहतार उद्घाटनमा पुगेका उनको मेलम्चीको मुख्य परिकल्पनाकारको नामसमेत नलिनु दुःखद् हो । कांग्रेस काममा विश्वास गर्ने र कम्युनिस्ट कांग्रेसले गरेको काम आफ्नै पालामा गरेको भन्दै जस लिँदै हिँड्ने वानी मेलम्ची परियोजनाको पछिल्लो घटनाले प्रष्ट देखाइदिएको छ ।

०४६ सालमा वहुदलीय व्यवस्था पुनवर्हाली यता नेपालमा स्मरण गर्नलायक कुनै काम भएको छ भने त्यो सायद मेलम्ची खानेपानी आयोजना नै हो । निकै टाढाको दुरीबाट २७ किलोमिटर लामो सुरुङ निर्माण गरी खानेपानी ल्याउनु भनेको नेपालजस्तो गरिव र प्रविधि नभएको मुलुकका लागि सामान्य कुरा होइन । मेलम्ची खानेपानी आयोजनाका उज्याला पाटाहरू जति छन् अँधेरा पाटा त्योभन्दा कम छैनन् । पहिलो कुरा त सात वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ ०५६ सालमा निर्माण थालिएको मेलम्ची खानेपानी आयोजनाको निर्माण सम्पन्न हुन २२ वर्ष अर्थात ०७८ साल पुग्यो । मेलम्ची खानेपानी आयोजनाको सपना पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई हुन् । राजधानीवासीको तीर्खा मेटाउनकै लागि उनले मेलेम्ची खानेपानी आयोजना अघि बढाएका हुन्, तर काठमाडौंवासीले कहिले उनलाई यसको जस दिएनन् ।

यदि, काठमाडौं-१ का मतदाताले ०४८ सालको निर्वाचनका क्रममा भट्टराईले गरेको उक्त घोषणालाई जोकका रूपमा नलिइदिएको भए आजभन्दा १० वर्षअघि नै मेलम्चीको पानी काठमाडौं आइसक्ने थियो । खासगरी काठमाडौं महानगरपालिकाको बानेश्वर तथा कोटेश्वर क्षेत्र नेपाली कांग्रेसको पहिलेदेखिको गढ मानिन्छ । कांग्रेसका कार्यकर्ता मात्रै इमानदार भइदिएको भए पनि भट्टराईले चुनाव हार्ने अवस्था थिएन । हरेक चुनावमा काठमाडौंको बानेश्वर कोटेश्वर क्षेत्रमा कांग्रेसको झण्डा नगाडिएका घर कमै हुन्छन् । तर, परिणाम भने केही अपवादलाई छाडेर सधैँ कांग्रेसको विपक्षमा देखिने गरेको छ ।

जसका लागि आफ्नो जीवन अर्पण गरे उसैबाट सबैभन्दा बढी धोका पाए कृष्णप्रसाद भट्टराईले । उनले नेपाली कांग्रेसकै लागि आफ्नो सारा जीवन अर्पण गरे । कांग्रेसकै अन्तरघातका कारण चुनाव हारिरहे । एकपटक पनि जननिर्वाचित प्रधानमन्त्री नवनी दिवंगत हुने अवस्था उत्पन्न भए पछि मात्रै उनी चुनाव लड्न वीरगञ्ज पुगे । वीरगञ्जमा पनि भट्टराईले मेलम्ची खानेपानी आयोजनाकै कुरा गरे । वीरगञ्जवासीका लागि मेलम्ची खासै सरोकारको विषय थिएन, तर वीरगञ्जवासीले काठमाडौंवासीको जस्तो कृतघ्नता देखाएनन् । चुनाव जिताइदिए ।

# मार्सी चामल, हजुरबा र माधव नेपाल



पुरूषोत्तम पौडेल

नेकपा एमाले र नेकपा माओवादी केन्द्रलाई मिलाउन मार्सी चामलको माडको महत्वपूर्ण भूमिका छ। मार्सी चामलको चमत्कारिक भूमिकाले यी दुई पार्टी मिलाउने काम गरेको धेरै सुनियो। देशमा ०७४ सालको आमनिर्वाचनको तयारी चलिरहेको वेला देशमा एक्कासि मार्सी चामलको भयंकर चर्चा चलेको थियो। मार्सी चामलको मिठो भात खान मान्छेहरूलाई प्रेरणा हुने गरी प्रचारसमेत भयो। त्यस यता जुम्लाको मार्सी चामलको व्यापारमा निकै बढोत्तरी पनि भयो। तर, मार्सी चामलको भातको माडले जोडेको नेकपा एमाले र नेकपा माओवादी केन्द्रको एकता भने टिकाउ हुन सकेन। दुई पार्टीबीच जोडिएको एकता भंग भइसकेको छ।

मार्सी चामलको स्वादिष्ट भोजन गर्दै गरेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको फोटो त्यतिखेर निकै भाइरल भएको थियो। दुई अध्यक्षलाई मार्सी चामलको भोजनले जोड्ने व्यक्ति पनि कम भाइरन भएनन्। अहिलेचाहिँ उनको अन्तर्वार्ताको एउटा सानो टुक्रा सामाजिक सञ्जालमा छ्याप्छ्याप्ती भएको छ। पूरै भाइरल भएको छ। दुर्गा प्रसाई (मार्सी चामल) नातामा कमरेड ओलीका नाति पर्दा रहेछन्। अर्थात उनले ओलीलाई हजुरबा भन्ने गर्दा रहेछन्। उनी कमरेड प्रचण्ड उर्फ पुष्पकमल दाहालका पनि निकै करिबी रहेछन्। यसैले दुई नेताहरूलाई नजिक ल्याउन र दुवै पार्टीहरू मिलाउने मिटिङ उनको घरमा नै बढी हुने गरेको समाचार आइरहन्थे। कुरै कुरामा कमरेड ओलीले माधव नेपाललाई एमालेको अध्यक्ष बनाउन नचाहेको र पार्टीमा अरू अध्यक्ष बनाउन योग्य र कुशल नेता पनि नभएको गुनासो गरेछन्। हजुरबुबाका यस्ता कुरा सुनेपछि नाति दुर्गाले चाँडो पार्टी एकता गर्न र एकतापछि दाहाललाई अध्यक्ष बनाउने सल्लाह दिएछन्। उनले दहाल तुलनात्मक रूपले हल्का र सजिला भएकोले हजुरबुबालाई सजिलो हुने सिफारिस गरेछन्। उनका अनुसार त्यसै दिन एकताको लागि तीन बुदेँ सहमति भएको हो।

यता नेकपा माओवादी केन्द्रका अध्यक्ष दहाल पनि पार्टीलाई अलि फराकिलो बनाउन चहान्थे। साघुरिँदै गएको माओवादी भन्दा एमालेसँग एकता गरेर बन्ने देशको सबैभन्दा ठूलो पार्टीको नेतृत्व गर्न चाहिरहेका थिए। नातिको प्रेरणाले कुरो ऱ्याङकोठ्याङ मिलिहाल्यो। सम्भवतः मार्सी चामलसँग पोखेको पीडा ओली कमरेडले प्रचण्ड जीसँग नपोख्ने कुरै भएन। दुवैको वर्तमान र आवश्यकता मेल खायो। भोलिको कुरा पनि मिलीहाल्यो। दुई पार्टीको कार्यगत एकता पार्टी एकतामा फेरिने निश्चित भयो। एकजनाको उद्देश्य एकता गरेर माधव नेपाललाई ठीक पार्नु थियो। अर्कोको उद्देश्य नेतृत्व प्राप्त गर्नुथियो। एउटाको उद्देश्य आफ्नो सरकारलाई बलियो बनाउनु थियो अर्कोको उद्देश्य भोलिको तयारी गर्नुथियो। यसमा सहमति भयो। दुनियाँ मतलव भएन। सहमतिमा हस्ताक्षर ठोकियो। अहिले हतपतको काम लतपत भयो। एकता भाँडियो। दुई पार्टीको एकता मात्र भाँडिएन। यति बेला एमालेसमेत दुईतिर फर्किएको छ।

०४७ सालमा नेकपा माले र नेकपा मार्क्सवादी बीच एकता भयो। नेकपा (मार्क्सवादी) मा अनुभवी र बुढापाका कमरेडहरू हुनुहुन्थ्यो। नेकपा (माले) मा जोशिला युवा र क्रान्तिकारी कमरेडहरू थिए। दुवै पार्टी मिलाएर नेकपा एमाले वन्यो। यसले आमजनताको मन र भावना जित्यो। ०४८ को आमनिर्वाचनमा नेकपा एमाले राम्रो जनमतसहित प्रमुख प्रतिपक्षी पार्टी भयो। ०५१ सालको मध्यावधि निर्वाचनमा नेकपा एमाले संसद्मा सबैभन्दा ठूलो पार्टी बनेर पहिलो निर्वाचित कम्युनिस्ट सरकार बनाउन सफल भयो। त्यसपछि नेकपा एमाले देशको प्रमुख पार्टीको रूपमा रहिआएको छ। आज पनि एमाले देशको प्रमुख पार्टीको रूपमा छँदै छ। तर, दुःखको कुरा स्थापित र संगठित यो पार्टीलाई पनि नराम्ररी भत्काउने षड्यन्त्र बुनिँदैछ।

> ०४७ सालमा नेकपा माले र नेकपा मार्क्सवादी बीच एकता भयो। नेकपा (मार्क्सवादी) मा अनुभवी र बुढापाका कमरेडहरू हुनुहुन्थ्यो। नेकपा (माले) मा जोशिला युवा र क्रान्तिकारी कमरेडहरू थिए। दुवै पार्टी मिलाएर नेकपा एमाले वन्यो। यसले आमजनताको मन र भावना जित्यो। ०४८ को आमनिर्वाचनमा नेकपा एमाले राम्रो जनमतसहित प्रमुख प्रतिपक्षी पार्टी भयो। ०५१ सालको मध्यावधि निर्वाचनमा नेकपा एमाले संसद्मा सबैभन्दा ठूलो पार्टी बनेर पहिलो निर्वाचित कम्युनिस्ट सरकार बनाउन सफल भयो। त्यसपछि नेकपा एमाले देशको प्रमुख पार्टीको रूपमा रहिआएको छ। आज पनि एमाले देशको प्रमुख पार्टीको रूपमा छँदै छ। तर, दुःखको कुरा स्थापित र संगठित यो पार्टीलाई पनि नराम्ररी भत्काउने षड्यन्त्र बुनिँदैछ

यसैगरी ०७४ सालको आमचुनावमा नेताहरूले नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर चुनाव लड्ने घोषणा गरे। जनताले स्वागत गरे। संयुक्त चुनावी घोषणापत्र जारी गरे। जनताले संयुक्त उम्मेदवारलाई भारी मत दिएर विजयी बनाए। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा संयुक्त सरकार बन्यो। सरकारलाई स्थिर तथा प्रभावकारी बनाउन ०७५ साल जेठ ३ गते दुवै पार्टीबीच पार्टी एकता गर्ने निर्णय गरियो। दुवै पार्टीका अध्यक्षले पार्टीका पछाडि लागेका पुच्छरहरू हटाएर नेकपा बनाउने निर्णय जनतालाई सुनाए। जनताले पहिलेका सबै तीतामिठा कुरा बिर्सँदै व्यापक दीपावली गरेर एकतालाई भव्य स्वागत गरे। खुसियाली मनाए।

हामीले ठान्यौं नेकपा एमालेको दरो संगठन र माओवादी केन्द्रको क्रान्तिकारी जोश बीचको एकताले समाजमा ठूलो परिवर्तन ल्याउनेछ। मुलुकको विकासले फड्को मार्नेछ। विकृति र विसंगतिको जरो उखलिनेछ। भ्रष्टाचार निर्मुल हुनेछ। तर, आज सरकार गठन भएको तीन वर्ष बितिसकेको छ। पार्टी एकताको अढाई वर्ष मात्र बित्न लागेको छ। हामी फेरी दुईतिर फर्किन वाध्य भइरहेका छौं। नेकपा त विभाजित नै भइसक्यो। संसद् विघटनको कारण मुलुक पनि विभाजित हुँदै छ। वडो दुःखको कुरा छ। आज संसद् त पुनःस्थापित भएको छ तर नेकपा पनि विघटित भएको छ। नेकपा विघटित भएर नेकपा एमाले र माओवादी केन्द्र वनेका छन्। नेकपा एमाले पनि विभाजनको संघारमा पुग्न लागेको देखिँदै छ। यसले आमजनता पीडित भएका छन्। तर, कमरेड ओलीजीका साइबर सेनाहरू र वहाँहरू हाँसिरहनुभएको छ। अरू नेताहरूमा पनि चिन्ता कमै देखिन्छ।प्रसंग फेरी मार्सी चामलको आउँछ। मार्सी चामलको स्वाद लिँदै गरिएको कुराको प्रसंग आउँछ। आफ्ना प्रतिस्पर्धी माधव नेपाललाई पार्टी नेतृत्वमा आउनबाट रोक्ने अभ्यासको रूपमा हजुरबाबाट पार्टी एकता भएको कुरा आज फेरी स्मरण गर्नुपर्ने भएछ। त्यसैको निम्ति प्रचण्ड कमरेडलाई अघि सारेर एकता पछिका दुई वर्ष माड्ने काम पनि भएछ। तर, कालान्तरमा कसैलाई निषेध गर्दा भोलि आफैं निषेधमा पर्ने त होइन भन्ने कुरा अर्को पक्षले बुझेर पीडितहरू नै एक ठाउँमा आउने स्थिति बन्ने बित्तिकै पार्टी एकता भंग गर्ने कुरा आएछ। स्वयं अध्यक्ष ओलीले प्रचण्डसँग या त आफूसँग मिल्न या त एकता भंग गर्न प्रस्ताव राख्नुभएको कुरा सुनिएकै हो। त्यो सम्भव नभएपछि अदालतमार्फत एकता भंग गराइएको हो। अहिले पार्टीहरू समस्याग्रस्त भएका छन्।

अव दुई पार्टीको एकता मात्र भंग गरिएको विषय रहेन। मार्सी चामलसँगको रहस्य अरू खुल्दै गएको छ। एकता भंग गरेर पुनर्जीवित एमालेमा पनि माधव नेपाल, झलनाथहरूलाई रोक्न अनेक कुप्रचार, जालझेल तथा तिकडम भइरहेको छ। पहिलो : अदालतको आदेशलाई समेत खिल्ली उडाउँदै प्रचण्डले पठाएको भनेर लान्छित गरिँदैछ। यो सरासर बेइमानीबाहेक केही होइन।

दोस्रो : अदालतको आदेश मान्ने हो भने जेठ दुई गते अघिको एमालेको बैठक वस्नुपर्ने हो। त्यसपछि मात्र अरू कुराले प्रवेश पाउने हो। यहाँ अदालतको आदेशलाई पनि सिधै अवहेलना गरिसकिएको छ। तेस्रो : आफू माओवादी बटुलेर सरकारमा राख्ने, पार्टीमा थुपार्ने अनि एमालेकै निर्वाचित पदाधिकारीहरूलाई माओवादीले पठाएको भनेर स्याल हुइँया चलाउँदै प्रताडित गर्ने काम हुँदै छ।

यी सबै फजुल कुराबाहेक केही होइनन्। कुनै पनि नेताले लामो समयसम्म कसै प्रतिको पूर्वाग्रहबाट प्रेरित हुनु र अहं र आत्मतुष्टीकै लागि सरकार र पार्टीलाई समेत खण्डित गर्नु अत्यन्त दुःखद् दुर्घटना हो। अझै समय छ, सबैले आफूलाई सच्याउँदै अघि बढ्दा मात्र राम्रो हुन्छ। अन्यथा हामी विस्तारै कहा गएर हराउने, बिलाउनेको देशमा भनेजस्तो हुनुको विकल्प छैन। सबैलाई चेतना होस्।

# भारतीय बजारले अम्रिसोको मूल्य बढ्यो

देवेन्द्र कार्की

पहाडी जिल्लामा उत्पादन हुने नगदेबालीका रूपमा रहेको अम्रिसो कुचोको मूल्य यो वर्ष बढेको छ। नेपालमा उत्पादित अम्रिसो भारत निर्यात हुन थालेपछि यस वर्ष कुचोको मूल्य आकासिएको हो। विगतमा प्रतिवटा ४० रुपैयाँका दरले बिक्री हुँदै आएको अम्रिसो कुचो अहिले बजारमा सयदेखि १ सय ३० रुपैयाँ सम्ममा बिक्री भइरहेको छ।

अम्रिसो कुचोको मूल्य गत वर्षको तुलनामा तीन गुणा बढेको सुनसरी धरानस्थित कृषिउपज बजारका व्यवस्थापक लक्ष्मण भट्टराईले जानकारी दिए। उनका अनुसार गएको वर्षमा ४० रुपैयाँका दरले बिक्री गर्न पनि कठिनाइ भएकोमा अहिले मूल्य बढ्दा किसानलाई राहत भएको छ। उनले भने, 'अम्रिसो कुचो भारतीय मजदूरले प्याक गरेर भारत लाने गरेका छन्, नेपाली बजारमा १० प्रतिशत मात्र बिक्री हुने अम्रिसो कुचोको ठूलो बजार भारत हो। अहिले भारततर्फ कम्तीमा पनि ९० प्रतिशत अम्रिसो निर्यात भएको छ।'

पहिले विदेश त्यति निर्यात नहुने गरेको अम्रिसो केही वर्ष यतादेखि भारतीय बजारमा माग बढ्दा यता नेपाली बजारमा मूल्य बढेको हो। सामान्य पाखो जमीनमा उत्पादन हुने अम्रिसो कुचोको भाउ यस वर्ष सोचेभन्दा उच्च भएपछि कृषक भने खुसी भएका छन्। कतिपय किसान अम्रिसो खेतीमा लाग्न थालेका छन्।

धरान-२० विष्णुपादुकाको तामाखाममा करीब पाँच बिघा जग्गाको पाखो भित्तामा अम्रिसो खेती गर्दै आएका कृषक आइत राई यो वर्ष मूल्य राम्रो पाउँदा खुसी भएका छन्। 'यसमा हाम्रो केही मिहिनेत हुँदैन। एकपटक रोपेपछि धेरै वर्षसम्म केही गर्नुपर्दैन। पाखा बारीमा लगाएको अम्रिसोले राम्रै आम्दानी गऱ्यो,' कृषक राईले भने। एकपटक रोपेपछि करिब २० वर्ष खासै स्याहार, गोडमेल, मल पानी लगाउन नपर्ने भएकाले लागत खर्च कम हुने गरेको छ। भाउ बढ्यो भने फाइदैफाइदा छ। यो वर्ष कुचोको भाउ बढेकाले कृषक निराश हुनु नपरेको कुचो व्यवसायी बिनोद कुलुङले बताए।

विनोद कुलुङ, दीपक साहलगायतले धरानको कृषिउपज बजारमा कुचो बिक्री गर्दै आएका छन्। उनीहरूले कृषकबाट अम्रिसो संकलन गरी भारतीय बजारमा पठाउने गरेका छन्। अहिले भारतीय बजारमा यसको निर्यात बढ्न थालेपछि धेरै किसान तथा व्यवसायी अम्रिसोको उत्पादन व्यवसायमा लागेका छन्। कृषिउपज बजारका व्यवस्थापक भट्टराईका अनुसार चालु आर्थिक वर्षको फागुनको पहिलो सातासम्ममा ४ हजार ५ सय मेट्रिक टन अम्रिसो कुचोको कारोवार भएको छ। हालकै मूल्य कायम रहे ५६ करोड रुपैयाँभन्दा बढीको आम्दानी हुने बजारले अनुमान गरेको छ। कुचो चैत र वैशाखसम्म बिक्री हुन्छ। गत वर्ष २ हजार ६ सय ९९ मेट्रिकटन कुचो बिक्री हुँदा १५ करोड रुपैयाँ मात्र आम्दानी भएको थियो। कुचोको मुख्य याम माघबाट सुरु भई वैशाखसम्म आउने गर्छ। नेपालमा उत्पादन भएकामध्ये १० प्रतिशत मात्र यहाँ खपत हुने गरेको कृषिउपज बजारको अध्ययन छ। अम्रिसो व्यवसायी विनोद राईले फागुन पहिलो सातासम्ममा करिब १० टन अम्रिसोको कारोबार भएको बताए। यो वर्ष उनले मात्रै १३ लाख रुपैयाँको कारोवार गरेको बताए।



सामुदायिक वन क्षेत्र वा निजी जग्गामा रोपिएको अम्रिसो खेतीबाट किसानले वार्षिकरूपमा लाखौंको आम्दानी गर्ने गरेका छन्। सामुदायिक वन क्षेत्रको नांगो डाँडा र आफ्नो बारीलाई सदुपयोग गर्दै यो खेतीलाई आम्दानीको मुख्य स्रोत कृषकले बनाएका छन्। अम्रिसो खेतीमा कम लगानी, कम मिहिनेत र बढी आम्दानी हुने स्रोत हो। अम्रिसोको फूलबाट कुचो प्रयोग गर्न सकिने र अर्कातर्फ पात खुवाउँदा गाई भैँसीको दूध बढ्ने स्थानीय किसानले बताए। 'गाईबस्तुका लागि पोसिलो घाँस मानिन्छ,' कटारी नगरपालिका-१३ की सावित्री राउतले भनिन्, 'फूलको कुचो बनाएर बिक्री गर्दा घर खर्च टर्ने पैसा कमाउन सकिन्छ। परिवारलाई पालन-पोषण, शिक्षादीक्षा दिन र चाडपर्वमा खर्च गर्नसमेत अम्रिसोबाट आम्दानी भएको छ।' अम्रिसोको फूल तयार हुने बेला व्यापारी गाउँघरमै पुग्ने भएकाले बिक्रीका लागि किसानलाई सजिलोसमेत भएको छ। अम्रिसो कुचोका लागि मात्र नभएर अम्रिसो पर्यटकको आकर्षण पनि बन्न थालेको छ। इलामको निस्दी गाउँपालिका-३ झिरुबाँसस्थित काउलेडाँडा कबुलियती वन समूहद्वारा गरिएको अम्रिसो खेतीले पर्यटकलाई लोभ्याउँदै आएको छ। अम्रिसो खेतीले हराभरा बनेपछि यस क्षेत्र पर्यटकीय गन्तव्यका रुपमा विकास भएको छ। पहिले उजाड डाँडा क्षेत्र अहिले अम्रिसो खेतीले रमणीय बनेको स्थानीयले बताए। यहाँको २ सय २५ हेक्टर वन क्षेत्रमा व्यावसायिक अम्रिसो खेती हुँदै आएको छ।

इलामको चिया बगानको झल्को काउलेडाँडाको अम्रिसो खेतीले दिएको छ। व्यावसायिक अम्रिसोखेतीको अध्ययन अनुसन्धान गर्नेहरू रुचिसाथ अम्रिसोको बगानमा पुग्ने गरेको स्थानीय बताउँछन्। दैनिक चारदेखि २० वटा समूहसम्मका पर्यटक काउलेडाँडा पुग्ने गरेका छन्। हिमाली सुन्दर दृश्य, मगर संस्कृति र अम्रिसो बगान सुन्दर दृश्यले पर्यटकलाई लोभ्याउने वन क्षेत्र अहिले स्थानीय बासिन्दाको जीविकोपार्जनमा टेवा पुऱ्याउन सफल बनेको छ।

डाँडाको वन क्षेत्रको अम्रिसोखेतीले पर्यटकलाई लोभ्याउन मात्र सफल मात्र भएको छैन, स्थानीय बासिन्दालाई अम्रिसोको फूलबाट दुई/चार पैसा हात पनि परेको छ। अम्रिसो खेतीपछि गाईभैंसी पालनप्रति आकर्षण बढ्दो छ। अम्रिसोको पात घाँसका रूपमा प्रयोग हुन्छ। डाँडाबस्तीमा घाँसको समस्यासमेत अम्रिसोले हल हुँदै गएको स्थानीयले बताए। अम्रिसोसँगै त्यहाँ तेजपात, टिमुरलगायत बिरुवा पनि रोपिएको छ।पूर्वी नेपालका पहाडी धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, खोटाङ, उदयपुर र पाँचथर तथा तराईका सुनसरीको विष्णुपादुका, सेर्गे, मोरङको उत्तरीक्षेत्रमा उत्पादित कुचो धरानमा संकलन हुन्छ। अम्रिसो कृषकबाट जस्ताको त्यस्तै कच्चा मालको रुपमा थोक मूल्यमा खरीद गरेर झापाको धुलाबारी र मोरङको विराटनगरका व्यापारीलाई बिक्री गरेपछि त्यहाँका व्यापारीहरूले थप ब्राण्डिङ, प्याकेजिङ गर्ने र ५० किलोका बण्डल बनाएर भारतीय व्यापारीलाई बिक्री गर्ने गरेको कृषि उपज बजारका व्यवस्थापक भट्टराईले बताए। भारत निर्यात भएपछि बण्डलबाट अम्रिसोको स्टिक झिकेर सानो-सानो मुठाको कुचो बनाएर उपभोक्ताको घरसम्म पुऱ्याउने गरिन्छ। व्यवसायीका अनुसार त्यसको मूल्य दोब्बर हुने गरेको छ। बजार व्यवस्थापक भट्टराईले भने, 'नेपालमै तयारी अवस्थाको कुचो बनाएर ब्राण्डिङ, प्याकेजिङ, मार्केटिङ र लेवलिङ गर्ने हो भने वार्षिक अर्बौं रुपैयाँको कुचो भारत निर्यात गर्न सकिन्छ। तर त्यसका लागि सरकारले पूर्वाधार तयार गर्नु जरुरी छ।' नेपालको भौगोलिक बनावटअनुसार अम्रिसो कुचो खेती गर्ने प्रशस्त ठाउँ रहेको छ। पहाडी क्षेत्रमा यस कुचोको राम्रो उत्पादन हुने गरेको छ। तर भारतीय बजारमा यसको माग अधिक भएको सूचना नपाउँदा कृषकले उत्पादन गरेको कुचो त्यत्तिकै खेर गएको छ। उत्पादन भएको अम्रिसो कुचोलाई ब्रान्डिङ, प्याकेजिङ, मार्केटिङ र लेवलिङ गर्ने काम नेपालमा व्यवस्थापन गर्ने हो भने यसले राम्रो आम्दानी नेपाल भित्र्याउन सकिने व्यापारीहरू बताउछन्।

नेपाली अम्रिसो भारतको पश्चिम बंगाल, गुजरात, राजस्थान, पञ्जाब, बेंगलोर, दिल्ली, आन्द्र प्रदेशलगायत राज्यमा जाने गरेको छ। आर्थिक वर्ष ०७४/७५ मा पूर्वी नाका हुँदै ४२ करोड २६ लाख ५६ हजार रुपैयाँको १३ हजार २ सय ८ टन अम्रिसो निर्यात भएको प्लान्ट क्वारेन्टाइन कार्यालय काँकडभिट्टाको तथ्यांकमा उल्लेख छ।

विकिपिडियाका अनुसार अम्रिसोलाई लामो डाँठ हुने एक प्रकारको घाँस भनेको छ। यो नेपालको मध्य तथा पूर्वी पहाडी भेगमा प्रशस्त पाइन्छ। अम्रिसो फुल्दा त्यसको माथिबाट कुचो निस्कन्छ। ताप्लेजुङ, इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, आदि स्थानमा कुचो कृषकको मुख्य आम्दानीको एक स्रोतमध्ये पर्ने गरेको छ। बनस्पति जगतको फूल फुल्ने प्रजातिअन्तर्गत अम्रिसो पर्दछ। अम्रिसोलाई स्थानीयरूपमा उपलब्ध हुने बहुवर्षीय, बहुउपयोगी घाँस मानिन्छ। यस घाँसमा क्याल्सियमको मात्रा प्रशस्त पाइने भएकाले दुधालु पशुमा देखिने गरेका कतिपय रोगको सम्भावना कम हुन्छ। अम्रिसो एकपटक लगाएपछि १०-१५ वर्षसम्म हरियो घाँस दिइरहन सक्दछ। यसको फूलको झुप्पाबाट कुचो बनाइन्छ भने स्याउला गाईबस्तुको आहाराका रूपमा प्रयोग गरिन्छ। यस्तै यसका जरा माटोमा राम्ररी फैलिएर जाने भएकाले भू-संरक्षणका लागि पनि यो उपयुक्त हुन्छ। अम्रिसोको खेती धेरै पहिलोदेखि नेपालका पूर्वी पहाडी क्षेत्रमा गरिँदै आएको भए पनि हाल यसको खेती अन्य जिल्लामा समेत बिस्तार भएको छ।

# राम्रो कथा र दर्शक नै सफलताको श्रेय : खकुरेल



■ सौर्य समाचार

काठमाडौं । २०३९ सालमा काभ्रेको नमोबुद्धमा जन्मिएका जनकराज खकुरेल नेपाली चलचित्रका सफल निर्देशकका रुपमा चिनिन्छन् । हरिप्रसाद खकुरेल र गीता खकुरेलका सुपुत्र अहिले चलचित्र क्षेत्रमा सक्रिय छन् । उनीसँग नेपाली, भोजपुरी, बलिउड र हलिउड चलचित्रमा काम गरेको अनुभव छ । उनै खकुरेलसँग गरिएको छोटो कुराकानीः-

**आजभोलि केमा व्यस्त हुनुहुन्छ ?**
म अहिले एउटा सामाजिक विषय रहेको फिल्मको स्क्रिप्टमा व्यस्त छु ।

**नयाँ चलचित्रको कथा कस्तो छ ?**
फिल्मले बत्ति मुनीको अँध्यारोलाई उज्यालो बनाउने र संसारभर रहेका गरिबीको जीवन चित्रण गर्दछ ।

**राम्रो विषयवस्तु उठाउनु भएछ त ?**
सबैले बलेको आगो नै ताप्छन् । तर आगो बालेर तातो बनाउने कमै हुन्छन् । मेरो मतलब धेरैले सफल विषयवस्तु नै रोज्छन्, तर असफललाई सफल बनाउने आँट कमैले गर्छन् ।


**त्यसो भए तपाईंले आफूलाई सफल मान्नुहुन्छ ?**
म आफूले आफूलाई तपाईं भन्दिनँ । मलाई तपाईं भन्ने वातावरण मेरा दर्शकले सिर्जना गरिदिनुहुन्छ ।

**फिल्ममा सफल निर्देशक बन्नुको श्रेय कसलाई दिनुहुन्छ ?**
मलाई सर्वाधिक सफल बनाउने श्रेय राम्रो कथावस्तु र मेरा दर्शक नै हुन् ।

**तपाईं महँगो पारिश्रमिक लिनुहुन्छ । तपाईंलाई निर्माताले कसरी लिन आँट गर्छन् ?**
म पनि मान्छै नै हुँ । मसँग डराउनुपर्दैन । म मिहिनेत गर्छु, सानोभन्दा सानो विषयमा गहन अध्ययन गर्छु र कथालाई पूर्ण चित्रण गर्ने प्रयास गर्छु । बजार व्यवस्थापनमा पनि मेरा फिल्म अब्बल छन् ।

# हसनको कारमा हमला

■ एजेन्सी



मुम्बई । दक्षिण भारतीय चर्चित अभिनेता तथा मक्कल निधि मैयम प्रमुख कमल हसनको कारमाथि आइतबार राति हमला भएको छ । कांचीपुरमको चुनाव प्रचारमा सहभागी भई चेन्नई फर्कने क्रममा उनको कारमा हमला भएको भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

एमएनएम नेता र सेवानिवृत्त आइपिएस अफिसर एजी मौर्यले ट्विट गरेर उनका पार्टी प्रमुख हसनको कारमा हमला भएको बताएका हुन् । अज्ञात युवकद्वारा भएको सो घटनामा हसनलाई भने कुनै चोट नलागे पनि उनको गाडीको विन्डस्क्रिन भने फुटेको छ ।

मौर्यले सो घटनापछि हसनको पार्टीका कार्यकर्ता र भीडले आक्रमणकारीलाई पिटेको र हसनमाथि 'आक्रमण गर्न खोज्ने' मानिसलाई प्रहरीको जिम्मा लगाइएको जनाएको छ । हसन आगामी ६ अप्रिलमा हुने तमिलनाडु विधानसभा चुनाव लड्दै छन् ।

# कलामा सम्पदा

■ देवेन्द्र थुम्केली

काठमाडौं । कलाले समयको आवाजलाई प्रतिविम्बित गर्दछ । समकालीन परिदृश्यमा भइरहेका यावत् परिघटनाको सांस्कृतिक, बौद्धिक तथा सिर्जनात्मक अभिलेख कलामार्फत भइरहेको हुन्छ । इतिहासका कतिपय घटनाले मानिसलाई युग युगसम्म झस्काइरहन्छ । यही परिदृश्यमा नेपालको इतिहासमा २०७२ साल वैशाख १२ विनाशकारी भूकम्प र त्यसका पराकम्पले पारेको सामाजिक, सांस्कृतिक तथा मानवीय क्षतिको स्मरण लामो समयसम्म रहिरहन्छ । यो प्राकृतिक विपद्को स्मरण नेपालीले विभिन्न सिर्जनशील कर्मबाट गरिरहेका छन् । यही मेसोमा युवाकलाकार कविराज लामाले भूकम्प र त्यसले मानिस, समाज र सम्पदामा पारेको प्रभाव अर्थात् क्षतिलाई कलामा उतारेर इतिहासको एक प्राकृतिक विपद्लाई अभिलेखीकरण गरेका छन्, सिर्जनात्मक कर्ममार्फत । उनले छापाचित्रण/प्रिन्टमेकिङमार्फत नेपालीलाई झस्काइरहने/सम्झाइरहने त्यो भूकम्प र त्यसले पारेको त्रासदीपूर्ण क्षतिलाई चित्रण गरेका छन् ।

यतिबेला उनको प्रिन्टमेकिङ कलाको एकल प्रदर्शनी बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा चलिरहेको छ । 'साइकल्स अफ इम्पेर्मेन्स' शीर्षकमा भइरहेको प्रदर्शनीमा लामाले सम्पदा र संस्कृतिका विविध विषयलाई कलात्मक रुपमा उधिनेका कला राखेका छन् । उनले इतिहासका विरासतलाई कलाकृतिमा उतार्दै समाजले बिर्सनै नसकिने प्राकृतिक विपद्को घटना र उत्तरदायित्वलाई समेत सचेतनापूर्वक प्रस्तुत गरेका छन् । सांस्कृतिक सम्पदा मानिसका मौलिकताका प्रतीक भएको बताउँदै कलाकार लामाले तिनको महत्वलाई विश्वमै चिनाउने कोशिस गरेर कलाकृति रचना गरेको बताए । उनले भने, 'हाम्रा धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाका रुपमा काठमाडौं उपत्यकामा रहेका ऐतिहासिक धरोहरको संरक्षण तथा प्रवर्द्धनमा सबै नागरिक तथा राज्यको उत्तिकै दायित्व रहन्छ । सम्पदा सबै मानिसको साझा सम्पत्ति भएकाले तिनको संरक्षणप्रति हामी जागरुक बन्न सकौं भन्ने अभिप्रायले मैले कलाकृति रचना गरी प्रदर्शनी गरेको हुँ ।' उनले २०७२ सालको भूकम्पले काठमाडौं उपत्यकामा रहेका मठमन्दिर तथा विश्वसम्पदामा सूचिकृत सम्पदामाथि पुगेको क्षति, भग्नावशेष रूप तथा पुनर्निर्माणको चरण समेटी तयार पारिएका कलाकृति प्रदर्शनीमा राखेको बताए । त्यस्तै, उनका केही कलामा ग्रामीण परिवेशका विषय पनि रहेका छन् । कलाकार लामाले भने, 'महाभूकम्पपश्चात् सम्पदामाथि पुगेको क्षति देखेपछि तिनका बारेमा अध्ययन, अनुसन्धान तथा अवलोकन गरेँ । त्यसपछि चार वर्ष लगाएर सिर्जना गरेका कलाकृति प्रदर्शनीमा राखेँको हुँ । जसमा समकालीन परिदृश्य र सम्पदाको अवस्थालाई देखाउने कोशिस गरिएको छ ।' इचिङ, लिथोग्राफी र उडकटबाट तयार पारिएका कलाकृतिमा भग्नावशेष अवस्थामा पुगेका सम्पदा र तिनको पुनर्निर्माणको अवस्थालाई देखाइएको छ । प्रिन्टमेकिङ विधाका स्थापित कलाकार लामाले प्रदर्शनीमा राखिएका कला प्राकृतिक प्रकोपले निम्त्याएको विपत्तिको इतिहास रहेको जिकिर गरे । उनले भने, 'भूकम्प लगायतका विपद्को विषयलाई कलाकार हुनुको नाताले तिनलाई उतारेको हुँ । हुनत् आपतकालीन समयलाई चित्रण गर्ने हामीसँग तस्बिर प्रमाणका रूपमा रहेका छन् । तैपनि मैले ती बिग्रेका र भत्केका सम्पदालाई कलामार्फत अभिलेख गर्ने जमर्को गरेको हुँ ।' भग्नावेश अवस्थामा रहेका ऐतिहासिक सम्पदाको अवस्था लथालिंग देख्दा मन अमिलो भएको सुनाउँदै कलाकार लामाले भने, 'ऐतिहासिक सम्पदाको भग्नावेश देख्दा मलाई निकै नरमाइलो लाग्थ्यो । बनाउँदै गरिएका संरचनामा प्रयोग गरिएको शैलीले हामीलाई हाम्रो मौलिकताबाट टाढा लगेजस्तो लाग्यो र मैले कलामार्फत सम्पदालाई चिनाउने र जोगाउने सोच राखी यी कलाकृति रचेँ ।' यसक्रममा उनले आफ्नो जन्मथलो काभ्रेदेखि काठमाडौं उपत्यका तथा इपिसेन्टर नजिक पुगे र त्यसको प्रभावको अध्ययन गरे । काठमाडौं उपत्यकाका वसन्तपुर, स्वयम्भू, बौद्धनाथ, पशुपति, पाटन दरबारक्षेत्र र भक्तपुर दरबारक्षेत्र लगायतका स्थानमा पुगे र तिनलाई नजिकबाट नियाले । त्यसपश्चात्





कलाकार लामाले तिनको महत्व र सांस्कृतिक आयामलाई कलामा उतार्न थाले । चार वर्षको अन्तरालमा उनले यिनै सम्पदाको विषयलाई क्यानभासमा उतार्दै गए ।

यसक्रममा उनले पुनर्निर्माणका क्रममा स्वयम्भू, बौद्धनाथ, पाँचतले मन्दिरमा बाँस तथा फलामको खट लगाएर काम गरेका मानिस र तिनको लगावलाई समेत कलामा उतारे । उनले भने, 'मैले सम्पदा पुनर्निर्माणका क्रममा बाँस तथा फलामको खट बनाएर काम गरेको देखेँ । यो प्रक्रिया भोलिका पुस्ताले इतिहासको एउटा परिघटनाका रुपमा बुझ्न सकुन् भन्ने ध्येय राखेर कलामा तिनको अवस्था र परिदृश्यलाई देखाएको हुँ । यी कला भविष्यमा यो समयको प्रयोग र माध्यमलाई झल्काउने महत्वपूर्ण दस्तावेज पनि हुनसक्छन् ।'

उनका कलामा इतिहास मात्रै छैनन् सिर्जनात्मक पक्ष र नेपालको समकालीन कलाको वर्तमान परिवेशलाई समेत बुझ्न सकिन्छ । नेपाल ललितकला पत्रकार समाजका अध्यक्ष केशव राज खनालले नेपाली प्रिन्टमेकिङ विधामा कविराजका कलाले समसामयिकपनलाई देखाउन सकेको बताए । उनले भने, 'प्रिन्टमेकिङको मर्म र त्यसको भावलाई गहिरो गरी बोध गरिएका कलामा सम्पदाको अवस्था र तिनको संरक्षणमा सम्बन्धित निकायलाई घच्घचाउने सन्देश स्पष्ट पारिएको छ ।'

प्रदर्शनीमा लामाले भूकम्पपछि सन् २०१८ मा सगरमाथा आधारशिविरमा तयार पारेका प्रिन्टकला पनि राखेका छन् । आधारशिविरमा प्रिन्टमेकिङ कार्यशाला राखेर तयार पारिएका कलामार्फत उनले भूकम्पमा मृत्यु भएकाप्रति समर्पित गरेका छन् । साथै ती कला नेपाली इतिहासका लागि निकै महत्व राख्ने खालका छन् । उच्च स्थानमा पहिलो पटक प्रिन्टमेकिङ विधामा काम गरिएकाले पनि ती कला विशेष रहन गएका हुन् । प्रदर्शनीमा राखिएका कला नयाँ पुस्ताका लागि प्रेरणा बन्ने काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाले बताए । उनले लामाका कलाले ऐतिहासिक सम्पदाको वस्तुस्थिति र तिनको महत्वलाई दर्शाएको विचार व्यक्त गरे । सिद्धार्थ ग्यालरीका संस्थापक संगीता थापाले कलाले समयको आवाज बोल्नुपर्ने बताउँदै कविराजका कलामा त्यो पक्ष सबल रुपमा आएको बताइन् । उनले भनिन्, 'कला समयको आवाज हो । त्यसलाई कलाकारले सापेक्षित ढंगले उतारेको पाइन्छ । कलाकार कविराजले पनि विनाशकारी भूकम्प र त्यसले पारेको प्रभावलाई निकै कलात्मक रुपमा कलामा उतारेको पाइन्छ ।' १९ फेब्रअरीदेखि सुरु भएको यो प्रदर्शनी १९ मार्चसम्म चल्ने ग्यालरीले जनाएको छ ।


## काठ दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सुचना

**प्रथम पटक प्रकाशित मिति २०७७।१२।०४**

श्री मणिलेक सा.व.उ.स. भागेश्वर गा.पा.- २ ,डडेल्धुराको वनवाट आ.व. २०७७।०७८ मा उत्पादन भइ बबरकोट डडेल्धुरामा घाटगद्दि गरी राखिएको सल्लो प्रजातिको ग्रेड 'ए' को गोलिया काठ थान ५७ को १०३३.१४ क्यु फिट, ग्रेड 'बी' को गोलिया काठ थान ९९ को ९७७.८९ क्यु फिट गरि जम्मा गोलिया काठ थान १५६ को २०११.०३ क्यु फिट काठ जे जस्तो अबस्थामा छ सोहि अबस्थामा आफनै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी वोलपत्र खरिद गरि २२ औं दिनमा दाखिल गर्न आह्वान गरिन्छ । पुर्ण ब्यहोराको सूचना यस सा.ब.उ. समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री मणिलेक सा.व.उ.स. भागेश्वर गा.पा.-२, डडेल्धुरा**



## पशु सेवा विभाग
## राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यलय हरिहभवन ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशु जन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिस्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागी आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good Manufacturing Practices ) को अवलम्वन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं। अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजानिक स्थानहरूमा छाडा नछाडौं
- आफ्ना पशुपन्छीहरूलाई नियमित रूपमा परजिवि नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरूद्ध खोप लगाऔं ।

**विस्तृत जानकारीको लागी**
**सम्पर्क फोन : ०१-५५२२०३१**
**इमेल** info@nlrmpo.gov.np



## नागरिकता हराएको सूचना

२०७७ साल फागुन २५ गते मंगलवार जावलाखेलबाट कोटेश्वर जाने क्रममा ललितपुर जिल्लाबाट मिति २०५९।७।७ गते जारी भएको म दर्शन शाक्यको ना.प्र.नं. १३१५० को नागरिकता हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८२३१७७७९६ मा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गर्दछु ।



## साउदी अरेवियामा रोजगारको अवसर

### 1. AL AMARA INTERNATIONAL TRADING & CONTRACTING COMPANY LTD.

पूर्व स्वीकृती मितिः २०७६/१०/१९ L T. No. 232172 चलानी नं. ६०१५१०३५ पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Boiler Sheets Fabrication Labor | 3 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,०००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | General Pipe Fitting Labor | 4 | | 1200 | ३७,२००।- | | | | | | | |
| ३. | General Welder | 1 | | 1400 | ४३,४००।- | | | | | | | |
| ४. | Industrial Wiring Electrician | 1 | | 1500 | ४६,५००।- | | | | | | | |

### 2. ABDULLAH ABDUL RAHMAN AL-HEDAITHI GENERAL CONT. EST.

पूर्व स्वीकृती मितिः २०७६/०९/२९ L T. No. 231011 चलानी नं. ६०१५००६७ पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Labor | 2 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,०००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | General Pipe Fitting Labor | 4 | | 1200 | ३७,२००।- | | | | | | | |
| ३. | General Welder | 4 | | 1400 | ४३,४००।- | | | | | | | |
| ४. | General Electrician | 2 | | 1400 | ४३,४००।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | रु.१०,०००।- | रु.१०,०००।- |

**अन्तरवार्ता मेनपावर कार्यालयमा २०७७ चैत्र ११ गते (24 March 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला ।

**पर्फेक्ट डेष्टिनेशन प्रा. लि.** श्रम ईजाजत नं.: ९४१/०६७/०६८
कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन नं. ५२६०९९८, फ्याक्स नं. : ५२६१०२१



## Invitation For Electronic Bids

**Shivasatakshi Municipality**
**Office of MunicipalExecutive**
**Byangdada, Jhapa**
**Date of publication: 2077/12/04 (2021/03/17)**

1. ***Shivasatakshi Municipality, Byangdada , Jhapa*** invites electronic bids from eligible bidders for the following ***work*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| Contract ID No. | Name of The Procurement | Average Annual Construction Turn-over(NRs) | Specifice construction experience (NRs) | Bid Security amount(NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| SM/NCB/06/ 2077/78 | Construction of Blacktop Ring Road Phase IV | 35.56 million | 19.02 million | 6,75,000 | 5,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document a at the office of ***Shivasatakshi Municipality Byangdada, Jhapa 023-4703231, dms.shivasatakshimun@gmail.com*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidding document can be downloaded from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below.
   Name of the Bank: ***Mega Bank Birtamod Branch***
   Name of Office : ***Shivastakshi Municipality, Byangdada, Jhapa***
   Office Account No.: **0170012645902** (Aantarik Rajaswa khata)
   Office Account No : **0170010074844** (Dharauti khata)
4. Pre-bid meeting shall not be conducted.
5. Electronic bids must be submitted to the office ***Shivasatakshi Municipality, Byangdada, Jhapa*** through PPMO's e-GP system ***www. bolpatra.gov.np/egp*** on or before ***12:00 Noon*** on ***16-Apr- 2021 (2078/01/03)***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***02:00 PM on 16-Apr- 2021 (2078/01/03)*** at the office of ***Shivasatakshi Municipality, Byangdada, Jhapa***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of ***NRs 6,75,000***, which shall be valid for ***30 days*** beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Matter not covered by this notice shall be in accordance with PPA Act 2063 and PPR 2064 with latest update.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**




*चालु आर्थिक वर्षको ८ महिनामा ३८ प्रतिशतमात्र बजेट खर्च भएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार यस अवधिमा चालु खर्च विनियोजनको ४८ दशमलव शुन्य ०३ प्रतिशत, पुँजीगत खर्च २२ दशमलव ५८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २० दशमलव ५५ प्रतिशत खर्च भएको छ भने लक्ष्यको ५६ प्रतिशतमात्रै राजस्व असुली भएको छ*

*सम्झौता गरेको २ वर्षसम्म पनि उद्योग स्थापना नभएपछि विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरणले ८ वटा उद्योगसँग सम्झौता खारेजीको तयारी गरेको छ । २०७५ सालको विभिन्न मितिमा उद्योग खोल्ने सम्झौता गरेका ती कम्पनीले यो अवधिमा उद्योग स्थापना नगरेपछि प्राधिकरणले सम्झौता रद्द गर्ने तयारी गरेको हो*



# शोधनान्तर बचत २७ अर्बले घट्यो

■ सौर्य समाचार

काठमाडौं । शोधनान्तर बचत माघमा २७ अर्ब ५६ करोड रुपैयाँले घटेको छ । आयात बढ्न थालेपछि मुलुकबाट रकम बाहरिन क्रमसगै शोधनान्तर बचत घटेको हो । कोभिड-१९ को प्रभावले आर्थिक कारोबार सुस्त बनेपछि गत पुससम्म शोधनान्तर स्थिति १ खर्ब २४ अर्ब ९४ करोड रुपैयाँ बचतमा थियो । पुससम्म आयात गत आर्थिक वर्षको ६ महिनाको तुलनामा ४ दशमलव ८ प्रतिशत कम थियो । तर, माघमा आयातमा भएको उल्लेख्य वृद्धिले शोधनान्तर स्थितिमा चाप परेको हो ।



सात महिनामा आयात शुन्य दशमलब ०१ प्रतिशतले बढेको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । यस अवधिमा ८ खर्ब ३ अर्ब ६४ करोड रुपैयाँ बराबर वस्तु आयात भएका छन् । यो परिमाण गत बर्षको सात महिनाकै हाराहारी हो । सात महिनामा निर्यात बढे पनि अघिल्लो वर्षको तुलनामा वृद्धिदर निकै कम रहेको छ । यो अवधिमा ७ दशमलव ६ प्रतिशतले निर्यात बढेको छ । तर, अघिल्लो वर्ष यहीँ अवधिमा निर्यात २२ दशमलव ४ प्रतिशतले बढेको थियो ।

पुसको तुलनामा रेमिट्यान्स भित्रिने क्रममा पनि खासै ठूलो फरक देखिएको छैन । राष्ट्र बैंकका अनुसार सात महिनामा रेमिट्यान्सको वृद्धिदर १० दशमलव ९ प्रतिशत रहेको छ । यो वृद्धिसँगै सात महिनामा ५ खर्ब ६७ अर्ब रुपैयाँ बराबरको रेमिट्यान्स भित्रिएको हो ।

गत वर्षको भन्दा कम वृद्धिदरसहित विदेशी मुद्रा सञ्चिति ७ महिनामा ६ खर्ब ९८ अर्ब रुपैयाँ पुगेको छ । गत वर्षको २२ प्रतिशत रहेको वृद्धिदर यो वर्षको सात महिनामा ५ प्रतिशतको हाराहारी छ । गत कात्तिक सम्म १५ खर्ब ६ अर्ब रुपैयाँसम्म पुगेको विनिमय सञ्चिति घट्न थालेको छ । समीक्षा अवधिसम्म आइपुग्दा विदेशी विनिमय सञ्चिति ४४ अर्ब रुपैयाँसम्म घटिसकेको छ ।

मंसिरदेखि यो सञ्चितिमा कमी आउँदा पनि पुसमा बढेको थियो । तर, माघसम्म आइपुग्दा विनिमय सञ्चिति घटेर १४ खर्ब ६२ अर्ब पुगेको छ । यो सञ्चिति १३ महिना १ दिनको वस्तु आयातलाई मात्र धान्न पुग्ने राष्ट्र बैंकले जनाएको छ ।

यसैबीच उपभोग्य वस्तुको मूल्य अकासिएको छ । बैंकका अनुसार २०७७ माघमा वार्षिक बिन्दुगत उपभोक्ता मुल्यवृद्धि २ दशमलव ७० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुल्यवृद्धि ६ दशमलव ८७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुल्यवृद्धि ३ दशमलव शुन्य २ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुल्यवृद्धि २ दशमलव ४४ प्रतिशत रहेको छ ।

२०७६ माघको तुलनामा २०७७ माघमा फलफूल, घ्यू तथा तेल, दाल तथा गेडागुडी र सुर्तिजन्य वस्तु र उपसमुहको मूल्यवृद्धि क्रमशः १८ दशमलव ८४ प्रतिशत, १८ दशमलव १४ प्रतिशत, १० दशमलव ४१ प्रतिशत र १० दशमलव ४० प्रतिशत रहेको छ ।

समीक्षा महिनामा काठमाडौं उपत्यकामा २ दशमलव १२, तराईमा २ दशमलव ७८,पहाडमा ३ दशमलब ३० र हिमालमा २ दशमलव शुन्य ५ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७६ माघमा यी क्षेत्रहरुमा क्रमशः ७ दशमलव ५८, ७ दशमलव २९, ५ दशमलव ४६ र ५ दशमलव २८ प्रतिशत मुल्यवृद्धि थियो ।

२०७७ माघमा वार्षिक बिन्दुगत थोक मुल्यवृद्धि ६ दशमलव १२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुल्यवृद्धि ७ दशमलव १३ प्रतिशत रहेको थियो । समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः ८ दशमलव ४१, ५ दशमलव ३३ र ३ दशमलव ३९ प्रतिशत रहेको छ ।

# राष्ट्र बैंकका उच्च कर्मचारीको जिम्मेवारी हेरफेर

■ सौर्य समाचार

काठमाडौं । नेपाल राष्ट्र बैंकका दुई कार्यकारी निर्देशकहरू नीलम ढुंगाना तिम्सिना र बम बहादुर मिश्र डेपुटी गभर्नर नियुक्त भएपछि सबैजसो विभागका नेतृत्वमा जिम्मेवारी हेरफेर गरिएको छ ।

राष्ट्र ऋण व्यवस्थापन विभागमा बैंकिग विभागका नरेश शाक्य र विदेशी विनिमय विभागमा जनशक्ति व्यवस्थापन विभागका रामु पौडेललाई लगिएको छ । पौडेलले यसअघि केन्द्रीय बैंक मातहतको वित्तीय जानकारी इकाइमा समेत रहेर काम गरिसकेका छन् ।

अनुसन्धान विभागका कार्यकारी निर्देशक गुणाकर भट्टलाई बैंक सुपरिवेक्षण विभागमा सरुवा गरिएको छ । अर्थमन्त्रालयमा काजमा रहेका लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक प्रकाश कुमार श्रेष्ठलाई अनुसन्धान विभागको कार्यकारी निर्देशकमा पदस्थापन गरिएको छ । श्रेष्ठ अहिले अर्थमन्त्री विष्णु पौडेलको सल्लाहकार भएर अर्थमन्त्रालयमा काजमा छन् । श्रेष्ठ अर्थमन्त्रालयमा काजमा रहेकाले वरिष्ठ निर्देशकका रूपमा डा.रामशरण खरेलले अनुसन्धान विभागको कायममुकाय प्रमुखको रूपमा काम गर्ने भएका छन ।

विकास बैंक सुपरिवेक्षण विभागका ऋषिकेश भट्टलाई सम्पत्ति तथा सेवा व्यवस्थापन विभागको प्रमुख बनाइएको छ । वित्त व्यवस्थापन विभागका प्रदीपराज पौडेललाई भने विकास बैंक सुपरिवेक्षण विभागमा लगिएको छ । लघुवित्त संस्था सुपरिवेक्षण विभागमा यसअघि सम्पत्ति तथा सेवा व्यवस्थापन विभागमा रहेका सुमनकुमार अधिकारीलाई लगिएको छ ।

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका रामबहादुर मानन्धरलाई बैंकिग विभाग र मुद्रा व्यवस्थापन विभागका दयाराम शर्मा पंगेनीलाई संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागमा पदस्थापन गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

## कर्पोरेट

### बिओकेको विशेष साधारण सभा



काठमाडौं । बैंक अफ काठमाण्डू (बिओके) को वशेष साधारण सभा सम्पन्न भएको छ । उक्त समारोह बैंकको सञ्चालक समितिका अध्यक्ष प्रकाश श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो । उक्त विशेष साधारण सभाले सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना सञ्चालक गोबिन्द प्रसाद शर्मा, मदन लाल जोशी र अमृता उप्रेती सञ्चालक पदमा निर्बिरोध निर्वाचित भएका छन ।

बैंकले हाल ९० शाखा कार्यालय, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टर मार्फत आफ्ना ग्राहकलाई बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आईरहेको पनि विज्ञप्तिमा उल्लेख छ ।

### रोल्पामा ग्लोबल आइएमईको शाखा विस्तार

काठमाडौ । ग्लोबल आइएमई बैंक लिमिटेडले रोल्पाको घोडागाँउ र अरेस बजारमा नयाँ शाखा रहित बैंकिग सेवा सञ्चालनमा ल्याएको छ । यी २ शाखा रहित बैंकिङ्ग सेवा संचालनमा आएसँगै बैंकको शाखा रहित बैंकिग सेवा संख्या २ सय ५५ पुगेको छ ।



बैंकले रोल्पाको सुनिल स्मृति गाँउपालिका वडा नं. १, घोडागाँउ र वडा नं. ८, अरेस बजारमा शाखा रहित बैंकिग सेवा सञ्चालनमा आएका छन् । घोडा गाँउमा खोलिएको सेवाको लागि मधु के.सी. र अरेस बजारमा खोलिएको सेवाको लागि दिपेन्द्र पुन मगरलाई प्रतिनिधि नियुक्त गरेको पनि विज्ञप्तिमा उल्लेख छ ।

शाखा रहित बैंकिग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानिय बासिन्दाले स्थानिय प्रतिनिधि मार्फत बैंकिग सेवा लिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमा सम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने,कर्जाको व्याज भुक्तानी गर्ने महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवालिन सक्नेछन् ।

कृषि, रेमिट्यान्स तथा पर्यटन मुख्य आयस्रोत रहेको यी क्षेत्रका बासिन्दाले बैंकिग सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई हटाउनको लागि बैकले ति स्थानमा शाखा रहित बैंकिग सेवा शुरु गर्ने गरेको छ । बैकले मुलुकभर तथा मुलुक बाहिर बैंकिग सेवाको पहुँच पुर्‍याउने उद्देश्यले ७ वटै प्रदेश तथा ७५ जिल्लामा २ सय ७० शाखा, २ सय ४२ एटीएम, २ सय ५५ शाखा रहित बैंकिग सेवा, ४७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी ८ सय भन्दा बढि सेवा केन्द्रबाट ग्राहकलाई सेवा प्रदान गरिरहेको छ ।

### फुडमाण्डु र आइएमई पे सम्झौता




काठमाडौं । आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' र फूडमाण्डु वीच सम्झौता भएको छ । सम्झौता अनुसार नेपालकै पहिलो अनलाइन फुड डेलिभरी सेवा प्रदायक कम्पनी फूडमाण्डुबाट खरिद गर्दा सेवाग्राहीले अबदेखि आइएमई पे एप मार्फत सजिलैसँग भुक्तानी गर्न सक्ने छन् ।

फूडमाण्डु र आइएमई डिजिटल सोलुसन लिमिटेडबीच भएको सम्झौता पश्चात अबदेखि आइएमई पेको भुक्तानी सेवा फूडमाण्डुको एप र वेब दुबैमा शुरु गरिएको हो । उक्त अवसरमा आइएमई डिजिटल सोलुसन लिमिटेडका बजार प्रमुख गुण श्रेष्ठले फूडमाण्डुमा 'आइएमई पे' को भुक्तानी सेवा संगै २५ प्रतिसत क्यास ब्याकको योजना पनि शुरु भएको हुँदा आइएमई पेबाट भुक्तानी गरी सेवाग्राहीहरुले अधिकतम फाइदा लिनेमा आफू विस्वस्त रहेको बताए ।

सेवा शुरुवात गरिएको उपलक्ष्यमा फूडमाण्डुका ब्राण्ड, मार्केटिग तथा बिक्री प्रमुख श्यामरत्न मालीले फूडमाण्डुबाट खरिद गर्दा 'आइएमई पे' मार्फत भुक्तानी गर्न सकिने हुँदा सेवाग्राहीलाई अझ सजिलो हुने र क्यास ब्याकको फाइदा पनि उठाउन सक्ने विश्वास ब्यक्त गरे । सेवाग्राहीले फूडमाण्डुसँग आवद्ध ६ सय भन्दा बढी रेस्टुरेन्टबाट अनलाइन अर्डर गरी सजिलै विद्युतीय भुक्तानी गरी घर अफिसमै खानेकुरा प्राप्त गर्न सक्नेछन । फूडमाण्डुको सेवा उपत्यका लगायत पोखराबाट पनि प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको पनि विज्ञप्तिमा उल्लेख छ ।

### सन्राइज ब्लूचिप फण्डको आधा बढी इकाई बिक्री




काठमाडौ । सन्राइज क्यापिटलले बिक्रीमा ल्याएको सन्राइज ब्लू चिप फण्डको दोस्रो दिन सम्म इकाई खरिदको लागि कुल इकाईको ५० दशमलव ६ प्रतिशत इकाई बिक्री भएको छ । क्यापिटलका अनुसार सोमबार साँझसम्ममा २२ हजार जना आवेदकबाट कुल इकाईको ५० दशमलव ६ प्रतिशत इकाई बिक्री भइसकेको बिक्रीप्रबन्धक सन्राइज क्यापिटलले जानकारी दिएको छ ।क्यापिटलले १ चैत देखि प्रतिइकाई १० रुपैयाँ अंकित दरमा १ अर्ब रुपैयाँ बराबरको १० करोड इकाई बिक्रीमा ल्याएको हो । फण्डले १५ प्रतिशत इकाई कोष प्रवर्धक सन्राइज बैंकलाई सुरक्षित गरी बाँकी रहेको इकाई सर्वसाधारणलाई बिक्रीगर्न लागेको हो ।

उक्त फण्डमा न्यूनतम १ सय देखि १ करोड इकाई सम्म आवेदन दिन पाउने व्यवस्था रहेको छ । इकाई खरीदका लागि आवेदन दिन छिटोमा बुधबार सम्म मात्र रहेको छ । यस योजनाको प्रक्षेपित वार्षिक प्रतिफल २२ दशमलव ३८ प्रतिशत प्रक्षेपण समेत गरेकोले ढुक्क भएर लगानीगर्न सकिने जनाएको छ ।

### आइक्याशले पायो डिजिटल भुक्तानी अनुमति



काठमाडौं । नेपाल राष्ट्र बैंकले आइक्याश प्रालिलाई नेपालमा डिजिटल माध्यमबाट भुक्तानी सेवा प्रदान गर्नका लागि अनुमतिपत्र प्रदान गरेको छ । राष्ट्र बैंकको 'भुक्तानी तथा फछ्यौट विनियमावली २०७२ बमोजिम आइक्याश प्रालिले दूरसञ्चार सञ्जाल तथा इन्टरनेटको माध्यमबाट डिजिटल भुक्तानी सेवाको कार्य गर्न अनुमति प्राप्त गरेको हो । ६ साउन २०७७ मा दर्ता भएको उक्त कम्पनीले नियामक नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेसँगै अवको केहि दिनमै आफ्नो सेवा सेवाग्राही माझ ल्याउने भएको छ ।

२५ बषीय युवा चार्टर्ड एकाउन्टेन्ट पदम भट्टराईको नेतृत्वमा स्थापना भएको यो कम्पनीले नेपालमा नगद रहित कारोबारमा जोड दिने गरी डिजिटल भुक्तानी सेवालाई थप परिस्कृत बनाउने र नेपालमा वित्तीय साक्षरतालाई अभिवृद्धि गर्ने लक्ष लिएको छ । डिजिटल भुक्तानीका अलावा कम्पनीले आइक्यासलाई डिजिटल बैंकिग कै परिस्कृत रुपका रुपमा अगाडी बढाउने लल्य लिएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत पदम भट्टराईले बताएको पनि विज्ञप्तिमा उल्लेख छ ।

कम्पनीका प्रबन्ध निर्देशक दिपेन्द्र बिष्टका अनुसार आइक्याश प्रालिले सञ्चालन गर्ने आइक्याश मोबाइल एप र आइक्याशको वेव प्लेट फर्म मार्फत मोबाईल रिचार्ज, बिजुली र पानीको बिल भुक्तानी, इन्टरनेट तथा डीटीएचको बिल भुक्तानी, फिल्म टिकेटिङ, प्लेन टिकेटिङ, इभेन्ट्स टिकेटिङ, होटेल रुम बुकिङ आदि गर्ने लगायतका छन ।

### इसेवा र पोखरा उद्योग वाणिज्य संघबीच सहकार्य




काठमाडौ । इसेवा र पोखरा उद्योग वाणिज्य संघबीच विद्युतीय भुक्तानीका लागि सहकार्य भएको छ । पोखरा महानगरपालिकालाई डिजिटल बजार बनाउने उदेश्यका साथ दुई संस्थाबीच सम्झौता भएको हो ।

सम्झौता पत्रमा इसेवाका प्रमुख रणनीतिक अफिसर रोशन लामिछाने र पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले हस्ताक्षर गरको हुन । सम्झौतासँगै पोखरा उद्योग वाणिज्य संघमा आबद्ध हरेक सदस्य तथा अन्य पसलमा विद्युतीय माध्यमबाट भुक्तानी गर्ने सुविधा प्रदान गरिनेछ । पोखरा उद्योग वाणिज्य संघमा ७१ वटा वस्तुगत संघ र ३५ सय बढि व्यवसाय तथा फर्म आबद्ध छन् ।

सम्झौता कार्यक्रमको उद्घाटन गण्डकी प्रदेश सभा सदस्य विन्दु कुमार थापाले गरेका हुन । कार्यक्रममा उनले अनलाईन पेमेन्टले भ्रष्टाचार रोक्न सघाउ पुर्‍याउने बताए । उनले नगद भुक्तानको लागि धेरै व्यक्तिहरु धेरै ठाउँमा खटिनुपर्ने बताउदै अति नै मितव्ययी रहेकोले इसेवा डिजिटल पेमेन्टको क्षेत्रमा आजको आवश्यकता रहेको टिप्पणी गरे ।

क्यूआर तथा डिजिटल साझेदारी सम्झौता कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले परिवर्तित समय अनुसार आफ्ना व्यापार व्यावसायलाई परिमार्जन गर्दै लैजाने क्रममा इसेवासँग साझेदारी सम्बन्ध गाँस्न पाउँदा खुसी लागेको बताए । पछिल्लो समय क्यूआरको लोकप्रियता बढेको छ र यसले पैसा बोक्ने सिस्टम बिस्तारै कम हुदै गएको हुनाले हामी पनि यसको प्रयोगलाई बढाउन अग्रसर भएको पनि उल्लेख छ ।

कार्यक्रममा इसेवाका सीएसओ रोशन लामिछानेले प्रविधिको सहि र उच्चतम प्रयोगका लागि, संघ र सदस्यहरुको सामिप्यताका लागि तथा डिजिटल भुक्तानी र प्रविधिमैत्री शहर र व्यवसायका लागि संघसँग इसेवाले सहकार्य गरेको बताए । मोबाईल तथा इन्टरनेटको माध्यमबाट भुक्तानी गर्न सकिने सेवा दिएको इसेवाले पछिल्ला दिनमा सरकारी क्षेत्रमा शुल्क बुझाउँदा बेहोर्नुपर्ने झञ्झटको अन्त्य गर्न विभिन्न किसिमका सेवा थप गर्दै गएको छ । हाल इसेवामा प्रत्यक्ष रूपमा खाता खोल्नेको संख्या करिब ४५ लाख छ । यसैगरी अप्रत्यक्ष रूपमा करिब एक करोड ५० लाख जनसंख्याले इसेवामार्फत सेवा लिइरहेका छन् । हाल इसेवाका देशभर करिब एक लाख भन्दा बढि एजेन्ट (इसेवा जोन तथा पोइन्ट) रहेका छन् । हाल इसेवामा मर्चेन्टको संख्या करिब २ लाख रहेका छन ।

### मुक्तिनाथ बैकका ग्राहकलाई दृष्टि आइ केयर सिस्टम




काठमाडौ । मुक्तिनाथ विकास बैंकले आफ्ना भिषा डेविट कार्ड वाहक ग्राहकलाई थप सेवा दिन दृष्टि आइ केयर सिस्टमसँग विभिन्न सेवामा विशेष छुट प्रदानगर्ने गरी सम्झौता गरेको छ । यस सम्झौता पश्चात बैकका भिषा डेविट कार्ड वाहक ग्राहकले दृष्टिआइ केयर सिस्टमबाट ओपिडि, विभिन्न शल्य क्रिया तथा अन्य सेवामा २० प्रतिसत सम्म छुट प्राप्त गर्न सक्नेछन् । दृष्टि आइ केयर सिस्टमका शाखा बट्टार, टोखा, कलंकी, जमल, चावहील, नँयाबानेश्वर, झापा र बीरगञ्जमा रहेका छन् ।

विकास बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न भिसा नेटवर्क अन्तर्गतको जुन सुकै बैंकको एटिएमबाट विनाकुनै शुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ । त्यसै गरी मोबाईल बैंकिङ्ग, क्यूआर कोड स्क्यान, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिग , खाता मै रेमिट्यान्स जस्ता कार्यहरु बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरेको पनि विज्ञप्तिमा उल्लेख छ ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद




*भक्तपुर नगरपालिका वडा ५ ले भ्याली कन्स्ट्रक्सन देशव्यापी अन्तर वडा टेबलटेनिस प्रतियोगिताको महिला टिम इभेन्ट्समा मंगलबार स्वर्ण जितेको छ*

*ज्लाटन इब्राहिमोभिच पाँच वर्षपछि स्वीडेनको राष्ट्रिय टिममा फर्केका छन् । मंगलबार घोषणा गरिएको स्वीडेनको टिममा उनलाई पनि पारिएको छ*



सहिद स्मृति गोल्ड कप

## क्यामरुनी टोली सेमिफाइनलमा




■ सौर्य समाचार

हेटौडा । खेलको अन्त्यतिर २ गोल गर्दै मंगलबार पाहुना टोली क्यामरुनको अफ्रिकन रुट्स एसोसिएसन (एआरएस) हेटौंडामा सञ्चालन भैरहेको स्थानीय तह शहीद स्मृति मकवानपुर गोल्डकपको सेमीफाइनल पुगेको छ ।

एआरएसले तीन मिनेटको फरकमा २ गोल गरेपछि बागमती युवा क्लव सर्लाहीमाथि २-१ ले जित हासिल गरेको थियो । यो संगै प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको छ । फाइनल प्रवेशका लागि एआरएसले त्रिभुवन आर्मी फुटबल क्लबको सामना गर्नेछ ।

४ मिनेटको इन्जुरी समयको दोस्रो मिनेटमा लोयसले एआरएसलाई निर्णायक गोल गरेका थिए । त्यसअघि ८९ औं मिनेटमा केचाको फ्रिकिकलाई बासेकले हेडमार्फत गोल गर्दै खेललाई १-१ को बराबरीमा पुऱ्याएका थिए ।

त्यसअघि खेलको २५ औं मिनेटमा विदेशी खेलाडी स्टेफन समिरले गोल गर्दै बागमतीलाई अग्रता दिलाएका थिए । एक गोलले पछि परेपनि पाहुना टोलीले सुधारिएको र संयमित खेल प्रदर्शन गरेको थियो । म्यान अफ दी म्याच एआरएसका मोसाले १० हजार रुपैयाँ प्राप्त गरे । बागमती क्लबका प्रशिक्षक सुनिल श्रेष्ठले खेलमा अग्रता लिएर पनि दबाबमा खेल्नुपरेको बताए ।

'हामीले लिड गरेको अवस्थामा त्यसलाई जोगाउन सकेनौं', उनले भने, 'क्यामरुनले पहिलो गोल गर्ने बित्तिकै हाम्रा खेलाडी निराश भए । खेल्नुपर्ने जति खेलेकै हो तर पनि जित्न सकेनौं ।'

एआरएसका व्यवस्थापक आशिक थापा मगरले लामो यात्रा गरेर आएका आफ्ना खेलाडीले राम्रो खेलेको प्रतिक्रिया दिए । विदेशी टोली सोमबार मात्रै हेटौडा पुगेको थियो । 'बागमतीले पनि धेरै राम्रो खेलेको हो', उनले भने, 'हामी जित्न आएका हौं । खेलमा पछि परेको अवस्थालाई उल्ट्याउँदै पहिलो खेलमा जित निकाल्न सफल भएका छौं ।'

मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा सञ्चालन भैरहेको प्रतियोगितामा बुधबार पहिलो सेमिफाइनलमा घरेलु टोली मकवानपुर ११ ले लिग च्याम्पियन मछिन्द्र क्लबको सामना गर्दैछ ।

चैत ७ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले उपासिहित १० लाख र दोस्रो हुने टोलीले ५ लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले बुलेट बाइक प्राप्त गर्नेछन् । त्यस्तै विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकले समान २५ हजार रुपैयाँ पाउनेछन् ।

एन्फा प्रेसिडेन्ट लिग

## धम्बोझी र धादिङ समाज विजयी

■ सौर्य समाचार

नेपालगन्ज । लुम्बिनी प्रदेशको च्याम्पियन धम्बोझी क्लब बाँके र बागमती प्रदेशको च्याम्पियन धादिङ समाज धादिङले एन्फा प्रेसिडेन्ट लिगमा विजयी सुरुआत गरेका छन् । धम्बोझीले गण्डकी प्रदेशको त्रिवेणी युवा क्लब लमजुङलाई १-० ले पराजित गरेको छ । नेपालगन्जस्थित रंगशालामा मंगलबार भएको खेलमा धम्वोझीको जितमा पुर्ण बहादर गुरुङले गरेको गोल नै निर्णायक बन्यो । उनले खेलको ४२औं मिनेटमा गोल गरेका थिए । गोलकर्ता पुर्ण नै खेलको म्यान अफ द म्याच भए । उनले ५ हजार रुपैयाँ हात पारे ।



मंगलबार नै भएको अर्को खेलमा धादिङ समाजले कर्णाली प्रदेशको च्याम्पियन लेकाली युवा क्लब जुम्लामाथि ९-१ को फराकिलो जित निकालेको छ । धादिङको जितमा कप्तान अमिर श्रेष्ठले ह्याट्रिकसहित ४ गोल गर्दा शिशिर लेखीले ह्याट्रिक पुरा गरे । उमेश राई र बिपिन कँडेलले समान एक गोल गरे । लेकालीका कप्तान संगम शाहीले एक गोल फर्काए ।

गोलको वर्षा भएको खेलमा अमिरले खेलको १७, ३६, ६० र ६२औं मिनेटमा गोल गरे । शिशिर लेखीले ६४, ७९ र ८२औं मिनेटमा गोल गर्दै ह्याट्रिक पुरा गरे । उमेश राईले ८९ औं मिनेट र बिपिन कँडेलले २४औं मिनेटमा गोल गरे । लेकालीका संगम शाहीले ५५ औं मिनेटमा गोल फर्काए । अमिर श्रेष्ठ खेलको म्यान अफ द म्याच हुँदै नगद ५ हजार रुपैयाँ हात पारे ।

कपमा बुधबार एकमात्र खेल प्रदेश १ को सैनिक फुटबल क्लब झापा र सुदुरपश्चिमको स्टार सिटी युवा क्लब कैलालीबिच हुनेछ । प्रेसिडेन्ट कपमा सातै प्रदेशक च्याम्पियन ७ टोलीले प्रतिस्पर्धा गरिरहेका छन् । प्रतियोगिताको विजेताले १० लाख रुपैयाँ र उपविजेता टोलीले ५ लाख रुपैयाँ पाउनेछन् । यस प्रतियोगिताको शीर्ष चार टोलीले राष्ट्रिय लिगमा प्रतिस्पर्धा गर्नेछन् ।

## सुष्मा वर्ल्ड च्याम्पियनसीपमा छनोट

■ सौर्य समाचार

काठमाडौं । नक्सालकी सुष्मा तामाङ आइवा युथ वर्ल्ड बक्सिङ च्याम्पियनसीपका लागि छनोट भएकी छन् । उनी ४८ केजी तौल समूहमा छनोट भएकी हुन् ।

छनोटमा उनले आफ्नी प्रतिद्वन्द्वी आरडीएस क्लबकी रमिला श्रेष्ठमाथि अंकका आधारमा ३-२ को कठिन जित हात पारिन् । त्यसै गरि ६० केजी तौल समूहमा बक्समाण्डौंकी डेचेन शेर्पा फाईनलमा प्रवेश गरेकी छन् । उनले झापाकी सुस्मिता राईलाई अंकका आधारमा ५-० को स्कोरमा हराइन् ॥

उनले बुधवार हुने फाईनल खेलमा आरडीएस क्लबकी सुमिना खड्कासँग प्रतिस्पर्धा गर्नेछिन् । खड्का ६० केजी तौल समूहमा वाई पाएर फाईनल प्रवेश गरेकी थिइन् ।छनोट खेलमा तालिम तथा प्रशिक्षण विभागका प्रमुख अर्जुन विक,नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले,बरिष्ठ उपाध्यक्ष अर्जुनबहादुर केसीलगायतको उपस्थिति रहेको थियो । आइवा युथ वर्ल्ड बक्सिङ च्याम्पियनशिप पोल्याण्डमा अप्रिल ११ देखि २३ सम्म सञ्चालन हुनेछ ।



## काठमाडौं किकर्सले फुटबल क्लिनिक गर्ने

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं किकर्स फुटबल क्लिनिक यसै साता सुरु हुने भएको छ । काठमाडौं किकर्स फुटबल क्लिनिकको आयोजनामा शुक्रबारबाट क्लिनिक सुरु हुने मंगलबार आयोजित पत्रकार सम्मेलनमा किकर्सका अध्यक्ष नवीन पाँडेले जानकारी दिए ।

पहिलो चरणमा शुक्रबादेखि आइतबार सम्म दैनिक २ घन्टाको क्लिनिक हुने बताइएको छ । जसमा ६ देखि ९ वर्ष, १० देखि १३ वर्ष र १४ देखि १६ वर्ष समूहका बालबालिकालाई अलग अलग प्रशिक्षणमा सहभागी गराइनेछ ।

तल्लो तहबाट फुटबल सिकाउने उद्देश्यका साथ किकर्सले स्कटल्यान्डका लि मेनसनलाई प्रशिक्षक नियुक्त गरेको छ । सन् १९९४ देखि मेनसनले प्रशिक्षकको रुपमा स्कटल्यान्ड, अमेरिका, जापान, फिलिपिन्स र लाओसका विभिन्न क्लबमा प्रशिक्षण दिइसकेको बताइएको छ । युईएफएका बी लेभेलका प्रशिक्षक मेनसनले २०१९ मा फिलिपिन्सको राष्ट्रिय महिला टोलीको सहायक प्रशिक्षक र सहायक व्यवस्थापकको भूमिका निर्वाह गरेका थिए । पहिलो चरणको प्रशिक्षण पछि आफ्ना बच्चाहरुलाई लामो समय प्रशिक्षण गराउन चाहने अभिभावकसँगको परामर्शमा ३ महिना, ६ महिना र एक वर्ष प्रशिक्षणको तालिका सार्वजनिक गरिने किकर्सले जनाएको छ ।




खेलाडी उत्पादनको उद्देश्यसहित सुरु हुने प्रशिक्षण बुढानिकण्ठ नगरपालिकाकास्थित कपअन स्पोर्टस् सेन्टर (सिएमसी) मा सञ्चालन हुने बताइएको छ । किकर्सले ४ वर्षयता प्रशिक्षण सञ्चालन गर्दै आएपछि पछिल्लो समय कोभिड १९ का कारण स्थगित भएको थियो ।

## सूर्य र ईशानको डेब्यूले मुम्बईलाई घाटा

■ एजेन्सी

मुम्बई । मुम्बई इन्डियन्सका स्टार ब्याट्सम्यान सूर्य कुमार यादव र ईशान किशनले आइतबार भारतबाट इंग्ल्याण्डविरुद्ध दोस्रो टि२० आई खेलमा डेब्यू गरे ।

सूर्यले डेब्यू खेलमा ब्याटिङ गर्ने मौका नपाएपनि किशन 'प्लेयर अफ द म्याच' प्रर्दशन गरे । जितको लागि १ सय ६५ रनको विजयी लक्ष्य पछ्याउने क्रममा भारतले १७.५ ओभरमा ३ विकेटको क्षतिमा पूरा गरेको थियो । जसक्रममा किशनले ३२ बलमा ५ चौका र ४ छक्का सहित ५६ रनको इनिङ खेलेका थिए ।

सूर्य र किशनको डेब्यूले इन्डियन प्रिमियर लिग (आइपिएल) मा सर्वाधिक सफल फ्रेन्चाइज टोली मुम्बई इन्डियन्सलाई २०२२ को मेगा अक्सनमा घाटा लाग्ने छ । रोहित शर्मा कप्तान रहेको साविक विजेता तथा पाँच पटकको च्याम्पियन मुम्बईलाई सूर्य र किशन दुवै प्रमुख खेलाडी हुन् । २०२० को उपाधि जिताउन यी दुवै युवा खेलाडीको प्रर्दशन उत्कृष्ट रहेको थियो ।



आइपिएल मेगा अक्सनमा एउटा टोलीले बढीमा पाँच खेलाडी रिटेन वा राइट टु म्याच (आरटिएम) माध्यमबाट टोलीमा राख्न पाउँछ । त्यसमा रिटेन वा आरटिएम बढीमा तीन खेलाडीमा प्रयोग गर्न पाइन्छ । एक टोलीले कम्तिमा २ र बढीमा ३ भारतीय टोलीबाट खेलेको (क्याप्ड) खेलाडी मेगा अक्सन अघि राख्न पाउँछ । एक टोलीले बढीमा दुई अनक्याप्ड खेलाडी वा विदेशी खेलाडीलाई राख्न पाउँछन् । अब सूर्य र किशन अनक्याप्डमा मानिँदैनन् ।

मुम्बईले तीन क्याप्ड खेलाडीमा जस्प्रित बुमराह, रोहित शर्मा र हार्दिक पान्ड्यालाई रिटेन गर्नेमा सम्भावना बढी देखिन्छ । ईशान किशन, सूर्यकुमार यादव र क्रुनाल पान्ड्यालाई फुकुवा गर्ने सम्भावना देखिन्छ । भारतीय टोलीमा डेब्यू नभएको भए किशन र सूर्य दुवैलाई राख्न सक्थ्यो ।

रिटेन हुने पाँच मध्य बढीमा एउटा टोलीले दुईमात्र विदेशी खेलाडी राख्न पाउँछन् । त्यसैको कारण मुम्बईलाई आइपिएल २०२२ को मेगा अक्सनमा ठूलो घाटा पुग्ने भएको छ । विदेशी खेलाडी मुम्बईमा काइरन पोलार्ड र ट्रेन्ट बोल्टको सम्भावना बढी देखिन्छ । पाँच बाहेक अन्य सबै विदेशी खेलाडी मेगा अक्सनअघि फुकुवा गर्नुपर्ने हुन्छ । अक्सनमा किशन र सूर्य दुवै उच्च मूल्यमा बिक्ने छन् । मुम्बईले यी दुई खेलाडीलाई फुकुवा गरेर पुनः ल्याउन अक्सनमा करोडौं खर्चिनुपर्ने हुन्छ ।

हाल सूर्यले एक सिजनको ३ करोड २० लाख र ईशानले ६ करोड २० लाख रुपैयाँ पाउँछन् । आइपिएल २०२१ आगमी अप्रिल ९ देखि भारतका ६ सहरमा सुरु हुँदैछ । मुम्बईले पहिलो खेल आगमी अप्रिल ९ मा रोयल च्यालेन्जर्स बेंगलोरसँग खेल्दै सुरुवात गर्नेछ ।

## रुविनाको उत्कृष्ट शतक

■ सौर्य समाचार

काठमाडौं । नेपाली राष्ट्रिय महिला क्रिकेट टोली तथा प्रदेश एकको कप्तान रुविना क्षेत्री बेलबासेको उत्कृष्ट शतकको सहयोगमा मिलन क्रिकेट क्लबले प्रथम उप मेयर कप टि२० महिला क्रिकेट प्रतियोगिता-२०७७ को उपाधि जितेको छ ।

सोमबार झापाको काकड्भित्ता सरस्वती मैदानमा भएको फाइनलमा मिलन क्रिकेट क्लबले कैलाली क्रिकेट टोलीलाई ८० रनले हराउँदै उपाधि जितेको छ ।

टस जितेर पहिला ब्याटिङ रोजेको मिलन क्रिकेट क्लबले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ५७ रन बनाएको थियो । कप्तान रुविना क्षेत्रीले ६९ बलमा १७ चौका र ३ छक्का सहित १ सय ७ रनको शतकीय इनिङ खेलेकी थिइन् । अप्सरी बेगमले १७ बलमा ४ चौका सहित २३ रनको योगदान दिइन् । काजल श्रेष्ठ शून्य, रोमा थापा १२ र लाखिता राजवंशी १ रनमा आउट भइन् । भट्टले ३, कविता कुँवर र सुरु पुनले १-१ विकेट लिए । जितका लागि १ सय ५८ रनको विजयी लक्ष्य पछ्याएको कैलाली ७७ रनमा अल आउट भएको थियो । डली भट्ट २९ बलमा २ छक्का र १ चौका सहित सर्वाधिक २४ रन बनाइन् । आश्मा पुलामी १७ र सोभा रोकाया १० रनमा आउट भए । अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन् । मिलन क्रिकेट क्लबका एलिसा खदियाले सर्वाधिक ४ विकेट लिइन् । रुविना क्षेत्री र निग्मा तामाङले २-२ विकेट लिए । संगिता राई र निशा शाहले १-१ विकेट लिए ।



मिलन क्रिकेट क्लबमा प्रदेश १ को टोली र कैलालीमा सुदूरपश्चिमका खेलाडी खेलेका थिए । ललितपुर मेयर कप महिला टि२० क्रिकेट प्रतियोगिता तयारीको रुपमा यस प्रतियोगिता आयोजना गरिएको थियो । पाँच खेलको प्रतियोगितामा मिलन क्लबले सबै खेल जितेको छ । प्रतियोगितामा रुविना क्षेत्री सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । उनले नगद १० हजार प्राप्त गरिन् । उत्कृष्ट ब्याटर रुविना र बलर एलिसा खदिया घोषित भए । दुबैले ५-५ हजार प्राप्त गरे ।

गत पुषमा दाङको लमहीमा सम्पन्न प्रधानमन्त्री कप राष्ट्रिय महिला टि२० क्रिकेट प्रतियोगितामा नेपाल एपिएफ क्लबलाई हराउँदै प्रदेश एक च्याम्पियन बनेको थियो । ललितपुर मेयर कपमा प्रदेश एक, एपिएफ, सेमिफाइनलबाट बाहिरिएका लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेशसँगै ललितपुर मेयर-११ को गरि पाँच टोली हुने छन् । ललितपुर मेयर-११ को टोलीमा प्रधानमन्त्री महिला टि२० क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रर्दशन गर्ने प्रदेश दुई, बागमती, गण्डकी र कर्णालीबाट खेलाडी मिलेर बनाइने छ । ललितपुर मेयर कपको विजेताले ५ लाख र उप विजेताले ३ लाख प्राप्त गर्ने छन् । प्रतियोगिता औपचारिक मिति घोषणा नभएपनि चैत ७ वा ८ गते देखि सुरु गर्ने तयारी छ ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी